प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
☎ ०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ अंक २० काठमाडौं आइतबार, ३० वैशाख २०८१ Prabhab National Daily Sunday, May 12, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

हदबन्दी छुट जग्गामा सात सर्त

- हदबन्दीभन्दा बढी जग्गाको सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति दिनुपरे सात मापदण्ड पूरा गर्नुपर्ने
- अर्को कुनै भगिनी संस्था खडा गरेर वा अन्य प्रकारले फरक नाममा हक हस्तान्तरण गर्न नपाउने
- गिरीबन्धु टि स्टेटको उपयोगमा नरहेको जग्गा तत्काल सरकारका नाममा ल्याउन बाटो खुला
- हदबन्दी छुट र जग्गा सट्टापट्टाको विषयमा संघीय सरकारले एकलौटी निर्णय गर्न नसक्ने

प्रभाव संवाददाता

काठमाडौं– सर्वोच्च अदालतले कुनै पनि उद्योग, व्यवसाय वा प्रतिष्ठानलाई दिइएको हदबन्दी छुटको सुविधा दुरूपयोग गर्न नदिन कडा सर्तसहितको मापदण्ड तोकिदिएको छ । झापाको गिरिबन्धु टि स्टेटको जग्गा सट्टापट्टाविरुद्धको मुद्दामा भएको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा हदबन्दीभन्दा बढी जग्गाको सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति प्रदान गर्नुपरे सात मापदण्ड पूरा गर्नुपर्ने सर्त सर्वोच्चले अघि सारेको छ ।

पहिलो सर्तमा जग्गाको क्षेत्रफलको विश्लेषण गर्नुपर्ने भनिएको छ । जसअनुसार अबदेखि जुन प्रयोजनका लागि हदबन्दी छुट पाएको हो, त्यसैका लागिमात्र अर्को ठाउँमा जग्गा लिनुपर्ने छ भने त्यसको उत्पादन क्षमता तथा सम्भाव्यताको प्राविधिक विश्लेषणसहितको निश्चित राय लिनुपर्ने भएको छ ।

दोस्रो सर्तमा सट्टापट्टा हुने जग्गाको समानुपातिक क्षेत्रफल एकै स्थान (एउटै प्लट)मा उपलब्ध हुने कुराको सुनिश्चितता गर्नुपर्ने भएको छ । यस्तै, तेस्रो सर्तमा सट्टापट्टा गरी लिने र दिने दुवै जग्गाको समानुपातिक मूल्यसमेत हेरिनुपर्ने भएको छ । चौथो सर्तमा हदबन्दी छुटलाई सर्वोच्चले भूमि, उद्योग र उत्पादकत्वसँगै रोजगारीको सुनिश्चिततासँग पनि जोडेर व्याख्या गरिदिएको छ । पाँचौं सर्तमा भने तत्काल प्रदान गरी आएको रोजगारी संख्या नघट्ने कुराको सुनिश्चितता हुनुपर्ने भनेर तोकिदिएको छ ।

छैटौं सर्तमा सर्वोच्चले सट्टापट्टा गरिने जग्गामा वातावरणीय प्रभाव मूल्यांकन पनि गर्नुपर्ने भनिएको छ । र, सातौं सर्तमा जग्गा सट्टापट्टा स्थानान्तरण गर्नुपरेको उचित र पर्याप्त कारण तथा सोलाई पुष्टि गर्ने वस्तुगत आधारसमेतका समग्र पक्ष यकीन र सुनिश्चित हुनुपर्ने उल्लेख छ ।

(क्रमशः पृष्ठ २ मा)

बन्धक सार्वभौम संसद्

- संसदीय छानबिन समिति गठनमा सत्तापक्ष अझै अनिच्छुक
- समिति गठन नहुञ्जेल कांग्रेसले संसद् चल्नै नदिने
- संसद् खुलाउनेबारे अनौपचारिक संवादमा सत्तारूढ दलहरु

> संसदीय दलको बैठकबाटै अब हाम्रो जे माग हो, जे पोजिसन हो, त्यो त तलमाथि हुने कुरै भएन ।
>
> **गगनकुमार थापा**
> महामन्त्री, नेपाली कांग्रेस

शुक्रबारको प्रतिनिधिसभा बैठकमा गृहमन्त्री रवि लामिछाने आफ्नो भनाइ राख्न रोस्ट्रमतर्फ जाने क्रममा नारावाजीसहित अवरोध गर्दै नेपाली कांग्रेसका सांसदहरू ।
तस्बिर: रासस

जेबी योञ्जन

काठमाडौं– संसद्को बजेट अधिवेशन अझै प्रभावित हुने देखिएको छ । शुक्रबार पहिलो बैठक नै अवरुद्ध पारेको प्रमुख विपक्षी नेपाली कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने मुछिएको सहकारीको बचत अपचलनबारे छानबिन गर्न संसदीय समिति गठन नहुञ्जेलसम्म संसद् अवरोध यथावत् राख्ने भएको छ ।

शनिबार बसेको पदाधिकारी तथा पूर्वपदाधिकारी बैठकले सरकारले संसद् चल्न नदिने र गृहमन्त्रीमाथि छानबिनका लागि संसदीय समिति पनि बन्न नदिने रणनीति लिएकाले कांग्रेसले पनि यथावस्थामा संसद् चल्न नदिने महामन्त्री गगनकुमार थापाले बताए । उनका अनुसार सरकारले समिति गठन अझै नगरे कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल गर्न सोमबारका लागि संसदीय दलको बैठक बोलाउने निर्णय गरिएको जानकारी दिए ।

‘संसदीय दलको बैठकबाट अब हाम्रो जे माग हो, जे पोजिसन हो, त्यो त तलमाथि हुने कुरै भएन,’ थापाले पदाधिकारी बैठकपछि पत्रकारहरूँग भने, ‘तर संसद्भित्र आफूलाई कसरी प्रस्तुत गरेर लिएर जाने, सरकारको यो रवैया रहिसकेपछि अब यसलाई कसरी थप सशक्त बनाएर लिएर जाने भन्ने सन्दर्भमा संसदीय दलको बैठक बोलाएर नै पर्सी कुराकानी गर्ने भन्ने कुरा भयो ।’

कांग्रेस संसदीय दलले यसअघि नै गृहमन्त्री लामिछानेमाथि छानबिन गर्न संसदीय समिति गठनको माग गरेको थियो । पदाधिकारी बैठकले पनि सोही माग दोहोर्‍याएको छ । तर, सरकार नै संसद् चल्न नदिने र छानबिन समिति बनाउन नदिनेतर्फ अघि बढेको कांग्रेसको निष्कर्ष छ । कांग्रेसले २१ फागुन २०८० यता संसदीय समिति छानबिनको एक सूत्रीय माग गर्दै आएको छ ।

एमाले-माओवादीलगायत दल रहेको सत्ता गठबन्धनको भने समिति गठनप्रति पूरै अनिच्छा छ । व्यक्तिलाई केन्द्रित गरेर कुनै पनि छानबिन समिति गठन हुनै नसक्ने नेकपा (माओवादी केन्द्र)का अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भन्दै आएका छन् । यसरी प्रधानमन्त्री दाहाल र ओली एकातिर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका गृहमन्त्री लामिछानेलाई बचाउन सक्दो बल गरिरहेका छन् । कांग्रेस भने लामिछानेलाई घेराबन्दी गरिरहेको छ । शुक्रबार लामिछानेलाई सहकारीको बचत अपचलन प्रकरणमा छानबिनका लागि समिति गठन हुनैपर्ने भन्दै कांग्रेसले संसद् बैठक चल्नै दिएन ।

(क्रमशः पृष्ठ २ मा)

रवि–गगन नोकझोंक

सार्वजनिक भइरहेका प्रमाणहरू र छानबिन प्रतिवेदनहरूले विभिन्न सहकारीको बचत अपचलनमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको देखाएका छन् । लामिछानेले भने अपचलनमा आफ्नो संलग्नतालाई बारम्बार अस्वीकार गर्दै आएका छन् । उल्टै सहकारीहरूसँग ऋण मागेको प्रमाण पेस गर्न पमुख प्रतिपक्षी नेपाली कांग्रेसलाई उनको चुनौती छ । कांग्रेसले प्रमाण पेस गरे राजनीति छाड्नेसम्मको घोषणा गरेका छन् ।

कांग्रेस महामन्त्रीसमेत रहेका सांसद गगनकुमार थापाले भने लामिछाने सहकारीको बचत अपचलनमा संलग्न भएको पर्याप्त प्रमाण रहेको दाबी गरेका छन् । सरकारी कार्यालयहरूमा गए तथ्य प्रमाणहरू यथेष्ट पाउने थापा बताउँछन् ।

‘पोखरा महानगरपालिकाले तयार गरेको प्रतिवेदन, कम्पनी रजिस्ट्रार कार्यालयले सम्पत्ति शुद्धीकरणलाई र प्रहरी कार्यालयलाई रवि लामिछानेले गरेको हस्ताक्षर ल्याप्चेलगायतको यसको परीक्षण गर्नका लागि गरेको अनुरोध, त्यहाँभित्र लामिछानेको हस्ताक्षर भएका थुप्रै कागजहरू र पत्रहरू छन्,’ थापाले भने, ‘यति धेरै तथ्य र प्रमाणहरू भएकाले तथ्य र प्रमाण खोज्न कहीँ जानै पर्दैन ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भ: वैदेशिक रोजगार

उत्पादनमूलक क्षेत्रको सीप परीक्षणमा ५७५३ जना सफल

प्रभाव संवाददाता

काठमाडौं– रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत दक्षिण कोरियामा उत्पादनमूलक क्षेत्रमा जान भाषा परीक्षा पास गरी दोस्रो चरणको सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीको नतिजा सार्वजनिक भएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले गत वैशाख ९ गतेदेखि १५ गतेसम्म सञ्चालित दोस्रो चरणको सीप परीक्षण (स्किल टेस्ट)मा सहभागीहरूको नतिजा सार्वजनिक गरेको हो ।

शाखाले सार्वजनिक गरेको नतिजाअनुसार दोस्रो चरणको सीप परीक्षणमा पाँच हजार ७५३ जना उत्तीर्ण भएका छन् । सीप परीक्षणका लागि भाषा परीक्षा पास गरेका छ हजार ३२१ जनाले आवेदन दिएका थिए । जसमा ४९८ जना अनुत्तीर्ण भएका छन् भने ७० जना परीक्षामै सहभागी नभएको इपिएस शाखाले जनाएको छ । सीप परीक्षण उत्तीर्ण गरेका व्यक्तिहरूको दक्षिण कोरियामा इपिएसअन्तर्गत रोजगारीका लागि रोस्टरमा सूचीकृत प्रक्रियाका लागि स्वास्थ्य परीक्षण र रोजगार आवेदन फाराम (जब एप्लिकेसन फाराम) दर्ता प्रक्रिया बढाउन सकिने शाखाले जनाएको छ ।

स्वास्थ्य परीक्षण भोलि वैशाख ३१ देखि जेठ २ गतेसम्म सञ्चालन हुने बताइएको छ । शाखाले सम्बन्धित व्यक्तिहरूलाई स्वास्थ्य परीक्षणका लागि तोकिएको अस्पतालमा समयभित्रै जान आग्रह गरेको छ । स्वास्थ्य परीक्षणका लागि पाटन अस्पताल लगनखेल, शुक्रराज ट्रपिकल अस्पताल टेकु, नेपाल-कोरिया मैत्री अस्पताल भक्तपुर र निजामती अस्पताल मिनभवनलाई तोकिएको छ । त्यस्तै स्वास्थ्य परीक्षणबाट निरोगिता भएको प्रमाणित भएसँगै जेठ ५ देखि ८ गतेसम्म अनलाइनमार्फत रोजगार आवेदन फाराम दर्ता गर्न सकिने शाखाले उल्लेख गरेको छ ।

त्यसैगरी कोरिया रोजगारीका लागि जान रोस्टरमा रहेकाहरूले सेवा क्षेत्र परिवर्तनका लागि दिएको आवेदनअनुसार ६९१ जना छनोट भएका छन् । सेवा क्षेत्र परिवर्तनका लागि इच्छुक तीन हजार ५७६ जनाले आवेदन दिएका थिए । जसमध्ये एचआरडी कोरियाले ६९१ जनामात्रै छनोटमा परेको सूची पठाएको शाखाले जनाएको छ । एचआरडी कोरियाले नौ हजार ४२८ जनाले सेवा क्षेत्र परिवर्तन गर्न सक्ने जानकारीसहित इपिएस शाखालाई पत्राचार गरेकोमा तीन हजार ५७६ जनाले मात्रै आवेदन दिएका थिए । एचआरडी कोरियाले कृषि तथा पशुपालन र उत्पादनमूलक क्षेत्रमा जान भाषा परीक्षा उत्तीर्ण गरी रोस्टरमा रहेका तर, हालसम्म जान नपाएकाहरूलाई क्षेत्र परिवर्तनको अवसर दिएको थियो ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
ई. पि. एस. कोरिया शाखा

वैदेशिक रोजगारसम्बन्धी सचेतना फैलाउन ‘डिजिटल बोर्ड’ राखिने

काठमाडौं (प्रस)– वैदेशिक रोजगारसम्बन्धी सचेतना फैलाउने उद्देश्यले सबैभन्दा बढी विदेश जाने जिल्लाका स्थानीय तहहरूमा जानकारीमूलक सन्देशसहित ‘डिजिटल बोर्ड’ राखिने भएको छ । वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारमा जानुपूर्व, विदेशमा रहँदा र नेपाल फर्किएपछि कामदारले थाहा पाउनुपर्ने सामग्री समावेश गरी सचेतना फैलाउन स्थानीय तहमा डिजिटल बोर्ड राख्न लागिएको जनाएको छ ।

विदेश जाने कामदारले थाहा पाउनुपर्ने सामग्री, प्राप्त हुने सेवा सुविधा, सम्पर्क गर्नुपर्ने निकाय लगायतको विवरण समेटिएको अनलाइन डिजिटल सूचना प्रसारण गर्न वैदेशिक रोजगारमा जाने जनसंख्या अधिक रहेका स्थानीय तह छनोट गरी डिजिटल बोर्ड जडान गर्ने तयारी भइरहेको बोर्डका शाखा अधिकृत हेमकुमार अधिकारीले बताए । उनका अनुसार डिजिटल बोर्डले चालु आर्थिक वर्षमा नै सञ्चालन हुनेगरी सहकार्य गर्न इच्छुक स्थानीय तहलाई आग्रहसहित सूचना जारी गरेको छ ।

बोर्डले डिजिटल बोर्ड नियमित संचालन गर्न सम्बन्धित स्थानीय तहको रोजगार संयोजकलाई ‘फोकल पर्सन’ तोकी निजबाट वार्षिक जानकारी लिने व्यवस्था गर्न र आफ्नो पालिका भवनको उपयुक्त स्थानमा निःशुल्क जडान गर्न पनि आग्रह गरेको छ । यसका लागि इच्छुक स्थानीय तहले १५ दिनभित्र पत्राचार गर्न सकिने बोर्डले जनाएको छ ।

डिजिटल बोर्ड जडानका लागि धनुषा, झापा, सिराह, मोरङ, महोत्तरी, सर्लाही, रूपन्देही, सुनसरी, सप्तरी, बारा, रौतहट र पर्सा जिल्लाका स्थानीय तहलाई प्राथमिकतामा राखिएको छ । उल्लिखित जिल्लाका कम्तीमा पाँच/पाँच वटा स्थानीय तहले डिजिटल बोर्ड राख्न सक्ने बोर्डले जनाएको छ । त्यस्तै बाँके, दाङ, कपिलवस्तु, बागलुङ, रौतहट, स्याङ्जा र तनहुँ जिल्ला सदरमुकाममा पर्ने एक/एक वटा स्थानीय तहले पनि डिजिटल बोर्ड राख्न सक्ने बताइएको छ ।


गर्मीमा तातो हावा वा लुबाट जोगिने उपायहरू
दिउँसो घरबाट बाहिर ननिस्कने
फलफूलको रस र पानी पिउने र धेरै पसिना आएमा कहिलेकाहीं जीवनजल पिउने
बाहिर निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओढ्ने
चिसो पानीले नुहाउने
मदिरा सेवन नगर्ने
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने
क्याफिनले धेरै पिसाब गराउँने हुँदा चिया, कफी, सोडा जस्ता पेयपदार्थ नपिउने
चिनीको मात्रा बढी भएको झोल पदार्थ बढी नपिउने
जनहितमा जारी सन्देश
प्रभाव दैनिक
www.prabhabonline.com
प्रभाव पब्लिकेसन प्रा.लि.
कामपा-७, सिफल, काठमाडौं

रातो मच्छिन्द्रनाथको दर्शन ललितपुरको पुल्चोकमा राखिएको ऐतिहासिक रातो मच्छिन्द्रनाथको रथमा विराजमान रातो मच्छिन्द्रनाथको दर्शन गर्दै स्थानीय दर्शनार्थी । वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथयात्रा शनिबारबाट सुरु भएको छ ।

तस्बिरः माधवप्रसाद घिमिरे/रासस

बूढानीलकण्ठ चिनाउन ‘प्रधानाध्यापकसँग पदयात्रा’

काठमाडौं– बूढानीलकण्ठको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले शनिबार ‘प्रधानाध्यापकसँग पदयात्रा’ आयोजना गरिएको छ । पदयात्राको सहजीकरण ‘बुस्टिङ बूढानीलकण्ठ’ नामक अभियानले गरेको थियो । पदयात्रामा शिक्षक, बुद्धिजीवी, पत्रकारलगायत गरी करिब १७० जना सहभागी थिए ।

अभियानकर्ता आशीष गुरागाईंले बूढानीलकण्ठलाई चिनाउन नै यो पदयात्रा आयोजना गरेको जानकारी गराए । उनले भने, ‘पदयात्राको यो दोस्रो शृंखला हो । आगामी दिनमा पनि गरिराख्ने प्रतिबद्धता व्यक्त गर्छौं । हामी बूढानीलकण्ठबासी हौं जुन हाम्रो घर हो । हाम्रो घरको राम्रो ठाउँहरू देखाउन चाहेको हो । नागरिकस्तरबाट चलेको कार्यक्रम हो ।’

भक्ति इन्टरनेसनल एकेडेमीका प्रधानाध्यापक नवराज भट्टले बूढानीलकण्ठको प्राकृतिक तथा सांस्कृतिक प्रवर्द्धन हुने उद्देश्य बोकेको यो पदयात्राले शिक्षक हुँदै विद्यार्थीसम्म पनि आफ्नो ठाउँको बारेमा बुझ्न सहयोगी हुने बताए । त्यसैगरी पदयात्रामा सहभागी बूढानीलकण्ठ नगर प्रहरी प्रमुख रमेशकुमार खतिवडाले यो पदयात्राले घुमघामसँगै शनिबार उपस्थित भएका शिक्षकहरूको एकापसमा चिनाजानसँगै उनीहरूको अनुभव पनि साटासाट गर्ने मौका मिलेको बताए ।

पदयात्रामा सहभागी सरिता निरौलाले यस्ता खालका पदयात्राले एक त एकआपसमा सबैको चिनाजानी हुने र अर्कोतर्फ यसका विभिन्न पर्यटकीयस्थलको पनि प्रवर्द्धन हुने बताइन् । बूढानीलकण्ठको धार्मिक, सांस्कृतिक तथा प्राकृतिक क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्यले पदयात्रा आयोजना गरिएको पदयात्रा बूढानीलकण्ठ मन्दिरबाट सुरू भएर शिवपुरी नागर्जुन राष्ट्रिय निकुञ्ज हुँदै डाँडा गाउँसम्म गएर टुंगिएको थियो । *रासस*

पृष्ठ १ बाट क्रमशः

बन्धक सार्वभौम...

यसपछि सभामुख देवराज घिमिरेले १५ मिनेट स्थगित गरेको बैठक पुनः बस्न सकेन । आगामी जेठ १ गते दिउँसो ३ बजे संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलको सम्बोधनबाट सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम तय भइसकेको छ । प्रतिनिधिसभाको अर्को बैठक आगामी जेठ १ गते साँझ ६ बजे र राष्ट्रिय सभाको अर्को बैठक सोही दिन साँझ साढे ५ बजे बोलाइएको संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जनकारी दिए । तर, हालसम्म छानबिन समिति गठन भएकै छैन । सोही कारण आह्वान भएको बैठक कांग्रेसले चल्न दिन्छ कि दिँदैन ? टुंगो छैन ।

सरकारलाई भने आगामी १५ जेठमा बजेट प्रस्तुत गर्नुपर्ने बाध्यता छ । यहीबेला गृहमन्त्री लामिछाने मुछिएको सहकारी प्रकरणलाई लिएर कांग्रेसले छानबिन समिति गठनको मागलाई ‘बटमलाइन’ नै बनाएर थप दबाब सिर्जना गरेको छ । यसको सोझो प्रभाव संसद्को बजेट अधिवेशन सञ्चालनमा परेको छ ।

यसैबीच शनिबारदेखि नै प्रमुख राजनीतिक दलहरू सदन खुलाउनेबारे अनौपचारिक संवादमा जुटेका छन् । प्रधानमन्त्री दाहालले शनिबार एमालेलगायत सत्ता साझेदार दलका शीर्ष नेताहरूसँग अनौपचारिक संवाद गरेका छन् । संवादका क्रममा गृहमन्त्री लामिछाने मुछिएको सहकारी प्रकरणको छानबिन गर्न समिति गठनका लागि सहमति भने नभएको माओवादी केन्द्रका नेता देवेन्द्र पौडेलले जानकारी दिए ।

‘प्रधानमन्त्री संसद् चल्नुपर्छ भन्नेमा चिन्तित हुनुहुन्छ । तर, विपक्षी दलले चल्न दिएकै छैन । छानबिन समिति गठन हुनैपर्छ भनिरहेको छ,’ उनले प्रभावसँग भने, ‘यस्तो अवस्थामा के गर्न सकिन्छ भनेर आज उहाँले सत्ता सहयात्री दलका नेताहरूसँग छलफल गर्नुभयो । तर, सहमति केही भएन ।’

एमाले प्रमुख सचेतक महेश बर्तौलाले पनि संसद्को गतिरोध अन्त्य गठबन्धन दलहरूको शीर्ष तहबाटै निस्किने र त्यसका लागि संवाद भइरहेको बताएका छन् । उनले छानबिन समिति नै गठन हुनेबारे केही बताएनन् । उनकै दलका अध्यक्ष ओलीको शनिबारको अभिव्यक्तिलाई आधार मान्दा भने समिति गठन हुने छनक छैन ।

उनले पार्टीको काठमाडौं महानगर कमिटीले आयोजना गरेको कार्यक्रममा भने, ‘कांग्रेस एउटै मान्छेलाई राति प्रधानमन्त्री बनिदिनुस् डेढ वर्षका लागि भन्न जान्छ । कागज लिएर सम्झौता गरौं भन्न जान्छ, राति । त्यो कागजमा उसले सम्झौता नगरेपछि भोलिपल्ट यो त सहकारीको भ्रष्टाचारी हो भन्दै उफ्रिन्छ ।’

सत्ता स्वार्थमा साथ नदिँदा गृहमन्त्री लामिछानेलाई कांग्रेसले सहकारीको बचत अपचलनमा मुछिएको ओलीको टिप्पणी छ । यसले गर्दा प्रधानमन्त्री दाहालले संसद्को गतिरोध अन्त्य गर्न पहलकदमी लिए पनि ठोस प्रगति हुनेमा शंका पैदा भएको छ ।

■ ■ ■

रवि-गगन...

सरकारी अड्डाहरूमै गएर तथ्य र प्रमाण केलाए हुन्छ ।’ उनले रूपेन्देहीको जिल्ला प्रहरी कार्यालयले गरेको अनुसन्धान, अभियोजन गर्दा दर्ता भएका प्रतिवेदनहरू र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले गरेको अनुसन्धानले पनि गृहमन्त्री लामिछाने सहकारी अलपचनमा संलग्न भएको प्रस्टिने बताए ।

सहकारीपीडितहरूको एक लाखदेखि १० लाखसम्मको बचत अपचलन भएको भन्दै तुरुन्त फिर्ता हुने अवस्था नभए परिवार-परिवारबीचमा अप्रिय घटना हुने अवस्थाहरू आउने चेतावनी पनि दिए । सोही कारण संसदीय छानबिन समिति गठनको औचित्य रहेको थापाको तर्क छ । लामिछानेले शुक्रबार कुनै सहकारीसँग हस्ताक्षर गरेर ऋण मागेको प्रमाण थापाले पेस गर्न चुनौती दिएका थिए । यदि ऋण मागेको प्रमाण मात्रै पेस गरिए राजनीति छाड्ने बताएका थिए ।

‘माननीय गगन थापाले गृहमन्त्रीले आफैंले हस्ताक्षर गरेर ऋण मागेको मसँग प्रमाण छ भन्नुभयो । मेरो चुनौती उहाँले त्यो प्रमाण दिनुभयो भने संसदीय समिति त के कुनै ठूलो कुरा होइन, कीर्ते गरेको कुरा होइन, मैले निवेदन दिएर ऋण मागेको प्रमाण छ भन्नुभएको छ नि त्यो दिनुभयो भने म राजनीति छोडिदिन्छु । दिन सक्नुभएन भने उहाँले राजनीति छाड्नुपर्ने हुन्छ,’ लामिछानेको चुनौती थियो । त्यसको जवाफमा थापाले लामिछाने सहकारीको बचत अपचलनमा संलग्न भएको यथेष्ट प्रमाणहरू सरकारी कार्यालयहरूमा रहेको बताएका हुन् ।

■ ■ ■

हदबन्दी छुट ...

अधिवक्ता ओमप्रकाश अर्यालले गिरीबन्धु टि स्टेटले चिया बगानका लागि पाएको हदबन्दीभन्दा बाहिरको जग्गा प्लटिङ गरी बेचबिखन गर्न दिन प्रधानमन्त्री केपी शर्मा ओली र भूमि, व्यवस्था तथा सहकारीमन्त्री पद्मा अर्याल भएका बेला २४ असार २०७८ मा नीतिगतरूपमै चलखेल भएपछि सर्वोच्चमा रिट दायर गरेका थिए । २४ माघ २०८० मा भने प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीश ईश्वरप्रसाद खतिवडा, प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल र सुष्मालता माथेमा रहेको संवैधानिक इजलासले उक्त जग्गा सट्टापट्टामा दिने सरकारको निर्णय कानुनी प्रावधानअनुकूल नदेखिएको ठहरसहितको फैसला गरेको थियो । सोही फैसलाको पूर्णपाठ सार्वजनिक हुँदा भने सर्वोच्चले हदबन्दी छुट सुविधा दुरूपयोग गर्न नदिन कडा सर्तसहितको मापदण्ड तोकिदिएको देखिएको हो ।

सर्वोच्चले पूर्णपाठमार्फत हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएबमोजिमका सर्त तथा प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सरकारका नाममा ल्याउन पनि सरकारको नाममा परमादेश जारी गरेको छ ।

हदबन्दी छुटको जग्गा अर्को कुनै भगिनी संस्था खडा गरेर वा अन्य प्रकारले फरक नाममा हक हस्तान्तरण गर्न नपाउने व्याख्या पनि सर्वोच्चले गरेको छ । सर्वोच्चको यस्तो व्याख्याले गिरीबन्धु टि स्टेटको हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोगमा नरहेको जग्गा तत्काल सरकारका नाममा ल्याउन बाटो खुलेको छ । यस्तै, सर्वोच्चले गिरिबन्धुकै मुद्दामार्फत हदबन्दी छुट र जग्गा सट्टापट्टाको विषयमा संघीय सरकारले एकलौटी निर्णय गर्न नसक्ने गरी सीमा पनि कोरिदिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हक दावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७७/१०/२१ मा दर्ता भएको प्रा.लि. नं. २२५४७६१ को **आन्भी हेल्थ क्लिनिक प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चरिकोट, दोलखा
सामग्री आपूर्ति सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०१/३०

यस नगरपालिकाको तपशिल वमोजिमको कार्य गर्न इजाजत प्राप्त योग्य फर्म/कम्पनीले रीतपूर्वकको बोलपत्र विद्युतीय खरिद प्रणाली (E–Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र सम्बन्धी कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document र www.bhimeshwormun.gov.np मा हेर्न सकिनेछ । बोलपत्रसम्बन्धी कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

ठेक्का नं.	ठेक्का/योजनाको नाम	लागत अनुमान (VAT बाहेक) रु.	बोलपत्र फाराम दस्तुर रु.	बोलपत्र जमानत रकम रु.	बोलपत्र फाराम दाखिला अवधि	बोलपत्र खोल्ने मिति र समय
BMP/NCB/GOODS/2080-81/E/07	Fabrication and Supply of Steel Parts for Trail Bridges (Pula Khola,Kuthali khola, Bhutchhahara khola and Sulis khola)	४५,७७,४२१/९३	३,०००/-	१,२०,०००/-	२०८१/०२/२९ गते १२ बजे भित्र	२०८१/०२/२९ गते १ बजे

आजको राशिफल

आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

वैशाख ३० गते २०८१, आइतबार

मेष	रमाइलो जमघट र खानपानको आनन्द हुनेछ ।
वृष	पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम ।
मिथुन	मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ ।
कर्कट	बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ ।
सिंह	शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ ।
कन्या	बोलिको माध्यमले काम सम्पन्न हनेुछ ।
तुला	मिहिनेतले आटेको काम सम्पन्न हुनेछ ।
वृश्चिक	दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।
धनु	व्यवसायिक काममा फाइदा हुनेछ ।
मकर	मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला ।
कुम्भ	सातामा संघर्ष गरेपनि सफलता पाइएला ।
मीन	रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला पहरी भक्तपुर)	६६१४८२१
आकस्मिक पहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस् अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६/६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातब्य	४२५५५४०/४२५५५४१
चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

वैशाख ३० गते, २०८१, १२ मे, २०२४

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१०० को	१६०।००	१६०।१५
अमेरिकी डलर	१ को	१३३.१५	१३३.७५
युरो	१ को	१४३.६६	१४४.३१
पाउन्ड स्टिर्लङ	१ को	१६७.९४	१६८.६९
स्विस फ्रैन्क	१ को	१४७.६७	१४८.३४
अस्ट्रेलियन डलर	१ को	८६.७१	८७.१०
क्यानाडियन डलर	१ को	९८.२५	९८.६९
सिँगापुर डलर	१ को	९८.७०	९९.१४
जापानी येन	१० को	८.८०	८.८४
चिनियाँ युआन	१ को	१८.४४	१८.५२
साउदी अरब रियाल	१ को	३५.५०	३५.६६
कतारी रियाल	१ को	३६.५१	३६.६८
थाई भाट	१ को	३.६६	३.६८
संयुक्त अरब इमिरेट दिराम	१ को	३६.२६	३६.४२
मलेसियन रिङेट	१ को	२८.१८	२८.३१
दक्षिण कोरियन वन	१०० को	९.८८	९.९३
स्विडिस क्रोनर	१ को	१२.४५	१२.५०
डेनिस क्रोनर	१ को	१९.२६	१९.३५
हङकङ डलर	१ को	१७.०१	१७.०९
कुवेती दिनार	१ को	४३२.७७	४३४.७२
बहराइन दिनार	१ को	३५३.१७	३५४.७७

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

विद्यालयमा योगाभ्यास | पाल्पाको रामपुर नगरपालिका–५ स्थित मटेरीमा अवस्थित रामपुर आधारभूत विद्यालयका विद्यार्थी योगाभ्यास गर्दै । *तस्बिरः सुशीला रेग्मी/रासस*

सुरु भयो वसन्त ऋतुको सगरमाथा आरोहण

काठमाडौं– यो वसन्त ऋतुको सगरमाथा आरोहण सुरु भएको छ । दक्ष कामदार (आइसफल डाक्टर)ले शुक्रबार बेलुका सगरमाथाको चुचुरोसम्म ‘रोप फिक्सिङ’ (डोरी टाँगेपछि) गरेपछि आरोहण सुरु भएको हो ।

सगरमाथा आधार शिविरस्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयले जारी गरेको विज्ञप्तिअनुसार शुक्रबार बेलुका ८ बजेर १५ मिनेटमा सगरमाथाको चुचुरोसम्म बाटो बनेसँगै आरोहण खुलेको छ । ‘सगरमाथा हिमालचुलीको शिखरसम्म बाटो निर्माण (रोप फिक्सिङ) सम्पन्न भएको छ । यससँगै टोलीमा संलग्न १० जना आरोहीहरूबाट सर्वोच्च चुलीको यो यामको पहिलो आरोहण सम्पन्न भएको छ,’ विज्ञप्तिमा भनिएको छ ।

पर्वतारोही डेन्डी शेर्पाको नेतृत्वमा रोप फिक्सिङ टोलीमा संलग्न सदस्यले सगरमाथाको चुचुरोसम्म सफलतापूर्वक डोरी टाँगेका विभागले उल्लेख गरेको छ । यो आरोहणसँगै सगरमाथाका लागि अनुमतिप्राप्त स्वदेशी तथा विदेशी पर्वतारोहीका लागि आरोहणको बाटो खुलेको विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङले बताए । ‘सगरमाथाको चुचुरोसम्म रोप फिक्सिङ भएसँगै आरोहणको बाटो खुलेको छ, मौसम अनुकूल रहेकाले अब धमाधम आरोही चुचुरोतर्फ लाग्ने छन्,’ उनले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालको निर्णयअनुसार सन् २०२४ को वसन्त ऋतुमा सगरमाथा हिमालचुलीको दोस्रो शिविरदेखि चुचुरोसम्म हिमाली बाटो निर्माण गर्न पर्यटन विभागबाट पर्वतारोहण सञ्चालक संघलाई जिम्मेवारी दिइएकामा उक्त संघबाट छनोट भई सेभेन समिट ट्रेकले दोस्रो शिविरदेखि चुचुरोसमम बाटो बनाउने जिम्मा पाएको थियो । सेभेन समिट ट्रेकका फिल्ड म्यानेजर टेण्डी शेर्पाले सगरमाथाको बाटो खोल्ने टोलीलाई आधार शिविरबाट संयोजन गरेका थिए । उक्त टोलीमा सोलुखुम्बुका पामदोर्जी शेर्पा र नामग्यालदोर्जे तामाङतथा संखुवासभाका डेण्डी शेर्पा, तेञ्जिङग्याल्जेन शेर्पा, पेम्बाटासी शेर्पा, लाक्पा शेर्पा, दावारिञ्जे शेर्पा, दावा शेर्पा, सुकबहादुर तामाङ र लाक्पारिञ्जी शेर्पा रहेका छन् ।

विभागका अनुसार यो याममा सगरमाथा आरोहण गर्न ४१ समूहका ७५ महिला र ३३९ पुरुषसहित ४१४ जनाले अनुमति लिएका छन् । अझै केही टोली बढ्नसक्ने विभागको अनुमान छ । यी आरोहीबाट सलामी रकम ५९ करोड २३ लाख रूपैयाँ राज्यकोषमा दाखिल भएको छ ।

आरोहीलाई ‘इलेक्ट्रोनिक चिप’ अनिवार्य

पर्यटन विभागले सगरमाथा आरोहणलाई सुरक्षित बनाउन आरोहीहरूका लागि ‘इलेक्ट्रोनिक चिप’ अनिवार्य गरेको छ । यही यामबाट सगरमाथा आरोहीहरूका लागि चिप अनिवार्य गरिएको विभागका महानिर्देशक चक्रबहादुर बुढाले बताए । चिपका कारण आरोहीको उद्धारमा सहज हुने भएकाले सरोकारवाला निकायसँगको छलफल र सहमतिपछि लागू गरिएको उनको भनाइ छ ।

उनका अनुसार आरोहणका क्रममा हुने दुर्घटना र हराएकाहरूको खोजी र उद्धारमा सहजीकरणका लागि चिप अनिवार्य लगाउनुपर्ने व्यवस्था गरिएको हो । यस्तो चिप सम्बन्धित एजेन्सीले उपलब्ध गराउनुपर्ने छ । यसका लागि आरोहीले १० देखि १५ अमेरिकी डलर तिर्नु पर्ने छ । चिप ‘पेन ड्राइभ’ आकारको हुने छ । यसलाई आरोहीले ज्याकेटमा राख्नपर्छ । सगरमाथा आरोहण सकेर फर्किएपछि चिप सम्बन्धित एजेन्सीलाई बुझाउनुपर्ने छ ।

विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक गुरुङका अनुसार ‘सर्च एन्ड रेस्क्यू’ प्रयोजनका लागि यो याममा हरेक आरोहीलाई चिप अनिवार्य गरिएको बताए । ‘कतिपयले जिपिएस ट्रेकिङ भनिरहेका छन् तर यो सर्च एण्ड रेस्क्युका लागि चिप अनिवार्य गरिएको हो । अन्तर्राष्ट्रिय रूपमा सबैजसो मुलुकका आरोहीले प्रयोग गर्छन् त्यसैले यो निकै प्रभावकारी हुने अनुमान गरिएको छ,’ निर्देशक गुरुङले भने ।

सन् २०२४ को वसन्त ऋतुमा खुम्बु क्षेत्रमा रहेका हिमालहरूमा हुने पर्वतारोहण तथा सम्पर्क अधिकृतहरूको खटनपटनलगायत अन्य सबै गतिविधिहरूको नियमन तथा सहजीकरण गर्न पर्वतारोहण अनुगमन तथा सहजीकरण समिति (खुम्बु क्षेत्र) गठन गरिएको छ । विभागका महानिर्देशक बुढा संयोजक रहेको १० सदस्यीय समितिमा विभिन्न मन्त्रालय र नियकायका प्रतिनिधि छन् । यस वर्षको वसन्त ऋतुको आरोहणलाई व्यवस्थित बनाउन सगरमाथा आधार शिविरमा पर्यटन विभागको फिल्ड कार्यालय स्थापना गरिएको छ । विभागका अनुसार वसन्त ऋतुको आरोहण अवधिभरका लागि पर्वतारोहण अनुगमन तथा सहजीकरण समितिका सदस्य सचिव प्रमुख नापी अधिकृत खिमलाल गौतम नेतृत्वमा कार्यालय स्थापना गरी अनुगमन, रिपोर्टिङ र समन्वय गर्ने काम भइरहेको विभागले जनाएको छ । आरोहण अवधिभर अर्थात् मे २९ तारिखसम्म यो समितिले काम गर्ने छ । *रासस*

आफूखुसी औषधि सेवन घातक

■ **बुनु थारू**

काठमाडौं– काठमाडौंकी एक महिलालाई करिब १० वर्षदेखि जोर्नी दुख्ने समस्याले सताएको थियो । विभिन्न अस्पताल धाउँदै कयौं पटक औषधि सेवन गर्दा पनि पीडाले पछ्याउन छाडेन । जति उपचार गर्दा पनि समस्या ज्यूँका त्यूँ भएपछि उनले आफन्तको सल्लाहमा सडकमा बिक्रीका लागि राखिएका जडीबुटीको सेवन सुरु गरिन् ।

जडीबुटी सेवनपछि उनको दुखाइ अझ बढ्यो । जडीबुटी सेवन गरेको छ महिनापछि जीउ सुन्निने, पेट दुख्ने, दिसामा कालो देखिने समस्या थपियो । अस्पतालमा चेकजाँच गराउँदा आन्द्रामा घाउ भएर अल्सर भइसकेको पत्ता लाग्यो । चिकित्सकले उनलाई जथाभावी औषधिको प्रयोगले शरीरको हार्मोन असन्तुलन बनाउँदा उक्त समस्या देखिएको बताएका थिए । औषधिको असन्तुलित सेवनले सुगर र प्रेसरसमेत बढेको पाइएको थियो ।

जथाभावी औषधि सेवनबाट पीडित हुनेमा शिक्षण पेसामा आबद्ध ५० वर्षीय पुरुष पनि छन् । पेट दुख्नेबित्तिकै दुखाइ कम गर्ने औषधि सेवन गर्ने बानीले उनलाई कालान्तरमा ठूलो समस्या थपिदियो । उनी पेट दुख्दा कारण पत्ता लगाउनुको साटो मनलाग्दी औषधि सेवन गर्थे । कालान्तरमा शरीरमा थकाइ लाग्ने, छाला चिलाउने, कमजोरी महसुसजस्ता लक्षण देखिन थाल्यो । जाँच गर्दा मिर्गौलाको समस्या देखियो । अवस्था कतिसम्म पुग्यो भने मिर्गौला प्रत्यारोपण नै गर्नुपर्ने अवस्था आइलाग्यो ।

उनीहरू त प्रतिनिधि पात्रमात्रै हुन् । चिकित्सकका अनुसार उनीहरूजस्ता कैयन बिरामी आफूखुसी वा चिकित्सकको सल्लाहविना औषधि सेवन गर्दा पछुताउने धेरै छन् । सही ढंगले औषधि सेवन गर्न नजान्दा बिरामीले थप पीडा भोग्नुपरेका कैयन उदाहरण भएको चिकित्सकहरूको भनाइ छ । विश्व स्वास्थ्य संगठनका (डब्ल्युएचओ)अनुसार औषधिको गलत भण्डारण, वितरण र सिफारिसले गम्भीर हानि निम्त्याउने गरेको छ । साथै औषधिको अपर्याप्त अनुगमन नगरिएको खण्डमा पनि समस्या बढाउने गरेको छ । कसैले भनेकै भरमा आफूखुसी औषधि सेवनले कालान्तरमा गम्भीर स्वास्थ्य अवस्थामा ल्याउन सक्ने विज्ञहरूको भनाइ छ । यसप्रकारको हेलचेक्र्याइँले थप समस्या निम्त्याउनाका साथै बिरामी अपांग हुने तथा मृत्युसम्म हुने गरेको देखिन्छ ।

फिजिसियन डा. पुष्पमणि खराल उच्च रक्तचाप, सुगर, मानसिक रोग, कोलेस्ट्रोललगायत समस्या समाधानका लागि सेवन गरिने औषधि चिकित्सकले जाँचपड्ताल गरेपछि मात्र खानुपर्ने सुझाव दिन्छन् । उनी भन्छन्, ‘प्यारासिटामोल, झाडापखालाका औषधिहरू विश्वव्यापी रूपमा नै औषधि पसलमा गएर सीधै नै किन्न सकिन्छ । त्यो ठूलो कुरा भएन तर त्यसबाहेकका औषधिहरू चिकित्सकको सिफारिसविना सेवन गर्नु हुँदैन । कतिपय अवस्थामा मात्रा मिल्दैन भने कतिपय अवस्थामा गलत औषधि पनि सेवन हुनसक्छ ।’

उनी बिरामीले सेवन गर्ने औषधिको मात्रा नमिल्दा मात्रै पनि धेरै समस्या निम्तन सक्ने बताउँछन् । ‘कुनै औषधि हामीले आठ घण्टाको अन्तरमा सेवन गर्न दिनुको अर्थ त्यो औषधिले त्यति समयमात्र काम गर्छ भन्नु हो,’ उनले भने, ‘यो हचुवाका भरमा दिइएको हुँदैन यसका लागि लामो अध्ययन र अनुसन्धान भएको हुन्छ र सोहीअनुसार औषधि उत्पादन गरिएको हुन्छ ।’ औषधिको गलत प्रयोगले शरीरका अंगहरूमा दीर्घकालीन असर पनि पर्ने अवस्था आउनसक्ने उनको भनाइ छ ।

औषधिविज्ञ डा. राजकुमार थापा औषधि खान जाने अमृत नभए विषसमान हो भन्छन् । उनले भने, ‘औषधि होसियारीपूर्वक सेवन गर्नुपर्छ । आफूखुसी औषधि सेवनले शरीरमा विभिन्न प्रकारका जटिलता निम्त्याउन सक्छ । जटिल प्रकारका लक्षण देखिँदा चिकित्सकको परामर्श, निगरानी र सिफारिसमा मात्रै सेवन गर्नुपर्छ ।’ औषधिको उपयोग राम्रो नभए शरीरमा ‘एन्टिबायोटिक रेसिसटेन्स’ निम्त्याउने भएकाले साधारण दुखाइमा पनि ‘पेन किलर’ खाने बानी लाग्न सक्ने उनको भनाइ छ । चिकित्सकका अनुसार औषधिको मात्रा नमिलाएर खाँदा प्रभावकारी हुँदैन र कीटाणुको संख्या वृद्धि भई रोगलाई थप जटिल बनाउँछ । ती कीटाणुले एन्टिबायोटिकलाई जित्न सक्छ र पछि सोही परिणाममा सेवन गर्दा काम नगर्ने अवस्था आउँछ ।

डा. खराल भन्छन्, ‘एन्टिबायोटिक बढी मात्रामा सेवन गरियो भने यसले नकारात्मक असर पार्न सक्छ । तोकिएभन्दा बढी मात्रामा खाँदा कतिपय औषधिले सामान्यता ग्यास्ट्रिक बढाउनेदेखि कलेजो र मिर्गौलामा असर गर्छन् ।’ उनले एक–दुईपटक औषधिको मात्रा बिर्सने बानीले पनि समस्या निम्तने भएकाले चिकित्सकको सिफारिसअनुसार नै नियमित औषधि सेवन गर्नु आवश्यक रहेको बताउँछन् ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले ‘नेपालमा एन्टिबायोटिकको प्रयोग र यसको प्रतिरोधको अवस्थागत मूल्यांकन’ शीर्षकको अध्ययनमा २८ प्रतिशतले आफूखुसी औषधि खरिद गर्ने पाइएको थियो । त्यसैगरी, २२ प्रतिशत बिरामीले औषधिको पूरा मात्रा नखाई बीचमै छाड्ने गरेको पनि भेटिएको थियो ।

औषधिको राम्ररी सेवन नगर्दा पूरा रूपमा रोग निको नहुने र तोकिएको मात्रा सेवन नगर्दा जीवाणुले एएमआर (एन्टिबायोटिकविरुद्ध लड्ने क्षमता/प्रतिरोध) को विकास गर्ने अवस्था आउँछ । जसकारण अर्कोपटक सोही औषधि सोही परिणाममा सेवन गर्दा रोग निको नहुने विज्ञको भनाइ छ । सन् २०५० सम्म डब्ल्युएचओले वार्षिक एक करोड मानिस एएमआरको सिकार हुने अनुमान गरेको छ ।

डा. खराल भन्छन्, ‘दीर्घकालीन रोगको औषधि दीर्घकालीन रूपमा नै खानुपर्ने हुन्छ । कहिलेकाहीँ एक वा दुईवटा डोज बिर्सिंदैमा कुनै आपत्कालीन अवस्था आउँदैन तर सम्झनेबित्तिकै खाने र सकेसम्म नियमित रूपमा खानुपर्ने हुन्छ । जस्तैः नियमित खान भनिएको प्रेसरको औषधि खान बिर्सिंदा प्रेसर बढिराख्न सम्भावना हुन्छ ।’

उनले नियमित खान भनिएका प्रेसर र सुगरको औषधिलाई तोकिएअनुसार नखाँदा कालान्तरमा पक्षघात, हृदयाघात हुने सम्भावना बढ्छ भने मिर्गौलाले काम नगर्ने तथा आँखामा असर हुनसक्छ । सुगर बढेको अवस्थामा मान्छे बेहोस नै हुने, आइसियूमा नै भर्ना गर्नुपर्ने अवस्था आउनसक्ने उनको भनाइ छ ।

धेरैले सुगर र प्रेसरको औषधिहरू आफैं खान छोड्दिने प्रवृत्ति रहेकाले चिकित्सकले खानुपर्छ भनेका औषधिहरू आफूखुसी छोड्नु नहुने चिकित्सकको भनाइ छ । जनरल फिजिसियन डा. सुमना बज्राचार्य भन्छिन्, ‘कडा खालका दुखाइ कम गर्ने औषधि चिकित्सकको निगरानीमा मात्र खानुपर्छ । आफूखुसी खाँदा ती औषधिहरूले ग्यास्ट्रिक बढाउने हुन्छन् जसले पछि गएर मिर्गौलासमेतलाई असर पुऱ्याउन सक्दछ ।’

औषधि खानैपर्ने अवस्था छैन भने पनि मान्छेले किनेर खाइरहेको पाइएको डा. बज्राचार्यको अनुभव छ । उनी भन्छिन्, ‘दुई/तीन दिन ज्वरो आएको छ भने त्यो भाइरल ज्वरो हुनसक्छ जसमा एन्टिबायोटिक जरुरी पनि हुँदैन । हप्ता दिनमा निको भएर जान्छ । डरलाग्दो लक्षण देखिएमा जँचाउनुपर्छ । चिकित्सकले जरुरी भएको खण्डमा संक्रमणअनुसार एन्टिबायोटिक दिन सक्छन् । पखाला लाग्नेबित्तिकै मेट्रोनिडाजोल खाइहाल्ने र घाँटी दुखेमा एजिथ्रोमाइसिन धेरैले खाने गरेको पाइन्छ । त्यस्तो गर्नु हुँदैन ।’

बिरामीले औषधि लिनुअघि औषधि सेवन गर्ने तरिका, मात्रा र समय तालिका जस्ता कुरा राम्रोसँग बुझ्नुपर्छ । केही कुरामा द्विविधा भए तत्काल सोध्नुपर्छ । चिकित्सकको सल्लाहअनुसार मात्र औषधि सेवन गर्नुपर्छ । चिकित्सकले पनि बिरामीलाई औषधिको ‘साइड इफेक्ट’बारे जानकारी दिनुपर्छ । औषधिविज्ञ प्रदीप लम्सालले जनमानसमा स्वास्थ्य साक्षरता तुलनात्मकरूपमा बढेको भए पनि पर्याप्त नभएको बताउँछन् ‘चिकित्सकको सिफारिसविना औषधि सेवन गर्दा भविष्यमा असर गर्न सक्छ । यसबारे सचेतना र औषधिको गुणस्तरबारेमा पनि अनुगमन हुन जरुरी छ ।’ रासस

‘सुशासनका लागि आनागरिकमा स्वजागरण आवश्यक’

काठमाडौं (प्रस)– उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले मुलुकमा सुशासन कायम गर्न कानुन र प्रशासनिक संयन्त्रको प्रयोगसँगै आमनागरिकमा स्वजागरण हुनुपर्ने बताएका छन् । परराष्ट्र मन्त्रालय र जीवन विज्ञानको संयुक्त आयोजनामा शनिबार राहदानी विभागमा आयोजित एक दिवसीय ध्यान विज्ञान कार्यक्रमको शुभारम्भ गर्दै उनले सभ्य समाजका लागि कानुनी शासनसँगै नागरिकमा चेतना पनि अभिवृद्धि हुनुपर्ने बताए ।

‘सुशासनका लागि कानुन र प्रशासनिक विधि चाहिन्छ, कानुनको शासन स्थापित गर्नैपर्छ, तर कानुन र राज्य संयन्त्रद्वारा मात्रै पनि धेरै विषय हल गर्न सकिँदैन,’ उनले भने, ‘राज्य संयन्त्रका जिम्मेवार व्यक्ति तथा आमनागरिक राष्ट्रप्रति इमान्दार होउन्, कानुन र प्रशासनमात्रै लगाउनुपर्ने नहोस्, आफैंले राम्रो आचरण अपनाउने अवस्था आओस्, यति हुन सकेमा मात्र भ्रष्टाचार, अनियमितता न्यूनीकरण भएर सुशासन कायम हुन्छ ।’

समाज तथा व्यक्तिको मनमा रहेको नकारात्मकता हटाउन वैज्ञानिक र प्रामाणिक विधिका रूपमा योगध्यान रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले योगध्यानलाई सबैले अनुशरण गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल योगध्यानको उद्‌गम थलो र उपयुक्त वातावरणका रूपमा रहेको जनाउँदै उनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेत योगध्यानको महत्व तथा यसका प्रभावका बारेमा विशेष योजना ल्याइने बताए ।

योगध्यान स्वजागरणको वैज्ञानिक विधि भएको र आफूले विगत लामो समयदेखि योग तथा ध्यानको अभ्यास गर्दै आइरहेको र त्यसबाट लाभसमेत लिइरहेकोसमेत उनले जानकारी गराए । यसअघि आफू गृहमन्त्री हुँदा मन्त्रालय र मातहतका निकायमा नियमितरूपमा योगध्यानको अभ्यास हुने गरेको स्मरण गर्दै उपप्रधानमन्त्री श्रेष्ठले त्यसबाट सकारात्मक नतिजा हासिल भएको उदाहरण सुनाए ।

ध्यान विज्ञान कार्यक्रममा परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्साल, मन्त्रालयका वरिष्ठ कर्मचारी, रादहानी विभाग र कन्सुलर सेवा विभागलगायत निकायका करिब १०० कर्मचारीको सहभागिता थियो । कार्यक्रममा जीवन विज्ञानका प्रशिक्षक रमेश नेपाल, एलपी भानु शर्माले प्रशिक्षण दिएका थिए ।

युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनीः WHITE QUEEN CLEANING SEVICES CO.

पूर्व स्वीकृति मितिः २०८१/०१/२५ LT. No 304350 चलानी नं. ६०२१९३१४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	EAD	ने.रु.							
1	Female Cleaner	0	15	1000	३६,३७३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १० गते (22nd April 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Like International (Pvt) Ltd.

श्रम ईजाजत नं. १५८०/०७९/०८०

Balkumari-9, Lalitpur, Kathmandu, Nepal, Tel: +977-1-44181444

Email: nocnepal@nassers.org

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी :SIXCO GROUP W.L.L

पूर्व स्वीकृति मितिः २०८०/०३/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०१/२८ LT. No. 288173 चलानी नं. ६०२०३५०४

सि. नं.	कामदारको पद	माग संख्या		मासिक तलव		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला	QR	ने.रु.							
1	Supervisor	8	0	2500	९०,०२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Labourer	3	0	1000	३६,००५							
3	Painter	8	0	1100	३९,६०५							
4	Plumber	5	0	1100	३९,६०५							
5	Plumber Assistant	1	0	1100	३९,६०५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ ६ गते (19th May 2024) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.

पो.ब. नं.ः २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np

Licence No.: 811/065/066

प्रभाव दैनिक
National Daily

सम्पादकीय

व्यवसायी पोस्ने नेतृत्वलाई सर्वोच्चको सवक

राजनीतिक नेतृत्वले सत्तामा पुगेपछि आफ्नूनिकट व्यवसायीको स्वार्थमा विभिन्न कानुन निर्माण गर्ने प्रवृत्ति हटेको छैन । त्यसरी व्यवसायी पोस्ने कानुन बनाउँदा राज्यले ठूलो क्षति बेहोर्नुपरिरहेको अवस्था छ । यसकै एक उदाहरण बनेको छ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री भएका बेला गिरिबन्धु टि स्टेटको जग्गा सट्टापट्टासम्बन्धी भएको निर्णय । ओली प्रधानमन्त्री र एमालेकै पद्मा अर्याल भूमि, व्यवस्था तथा सहकारीमन्त्री भएका बेला २४ असार २०७८ मा नीतिगतरूपमै चलखेल गरेर उक्त निर्णय भएको थियो । तर, त्यसविरुद्ध परेको मुद्दामा सर्वोच्चले जग्गा सट्टापट्टासम्बन्धी उक्त निर्णय कार्यान्वयन गर्न नमिल्ने फैसला गऱ्यो । उक्त फैसलाको हालै सार्वजनिक पूर्णपाठमा सर्वोच्चले तोकेका सर्तहरू स्वागतयोग्य रहेका छन् ।

सर्वोच्चले कुनै पनि उद्योग, व्यवसाय वा प्रतिष्ठानलाई दिइएको हदबन्दी छुटको सुविधा दुरूपयोग गर्न नदिन कडा सर्तसहितको मापदण्ड तोकिदिएको हो । पूर्णपाठमा हदबन्दीभन्दा बढी जग्गाको सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति प्रदान गर्नुपरे सात मापदण्ड पूरा गर्नुपर्ने सर्त सर्वोच्चले अघि सारेको छ । पहिलो सर्तमा जग्गाको क्षेत्रफलको विश्लेषण गर्नुपर्ने भनिएको छ । जसअनुसार अबदेखि जुन प्रयोजनका लागि हदबन्दी छुट पाएको हो, त्यसैका लागिमात्र अर्को ठाउँमा जग्गा लिनुपर्ने छ भने त्यसको उत्पादन क्षमता तथा सम्भाव्यताको प्राविधिक विश्लेषणसहितको निश्चित राय लिनुपर्ने भएको छ ।

दोस्रो सर्तमा सट्टापट्टा हुने जग्गाको समानुपातिक क्षेत्रफल एकै स्थान (एउटै प्लट)मा उपलब्ध हुने कुराको सुनिश्चितता गर्नुपर्ने भएको छ । यस्तै, तेस्रो सर्तमा सट्टापट्टा गरी लिने र दिने दुवै जग्गाको समानुपातिक मूल्यसमेत हेरिनुपर्ने भएको छ । चौथो सर्तमा हदबन्दी छुटलाई सर्वोच्चले भूमि, उद्योग र उत्पादकत्वसँगै रोजगारीको सुनिश्चिततासँग पनि जोडेर व्याख्या गरिदिएको छ । पाँचौं सर्तमा भने तत्काल प्रदान गरी आएको रोजगारी संख्या नघट्ने कुराको सुनिश्चितता हुनुपर्ने भनेर तोकिदिएको छ । छैटौं सर्तमा सर्वोच्चले सट्टापट्टा गरिने जग्गामा वातावरणीय प्रभाव मूल्यांकन पनि गर्नुपर्ने भनिएको छ । र, सातौं सर्तमा जग्गा सट्टापट्टा स्थानान्तरण गर्नुपरेको उचित र पर्याप्त कारण तथा सोलाई पुष्टि गर्ने वस्तुगत आधारसमेतका समग्र पक्ष यकीन र सुनिश्चित हुनुपर्ने उल्लेख छ ।

सर्वोच्चले पूर्णपाठमार्फत हदबन्दी छुट प्रदान गर्दाको अवस्थामा उल्लेख गरिएबमोजिमका सर्त तथा प्रयोजनमा जग्गाको प्रयोग वा उपयोग नगरी फरक प्रयोजनमा उपयोग गरिएको वा जग्गा खाली (बाँझो) राखिएको अवस्थाका जग्गाको पहिचान गरी तत्काल र अनिवार्य रूपमा सरकारका नाममा ल्याउन पनि सरकारको नाममा परमादेश जारी गरेको छ । यस्तै, सर्वोच्चले गिरिबन्धुकै मुद्दामार्फत हदबन्दी छुट र जग्गा सट्टापट्टाको विषयमा संघीय सरकारले एकलौटी निर्णय गर्न नसक्ने गरी सीमा पनि कोरिदिएको छ । सर्वोच्चको यो निर्णयले व्यवसायीको स्वार्थमा जे पनि गर्न पछि नपर्ने राजनीतिक नेतृत्वलाई झड्का दिएको छ । अब यसको कार्यान्वयन प्रभावकारी बनाउन जरुरी । राज्यको सम्पत्तिमाथि गिद्देनजर लगाउनेहरूलाई कुनै पनि बहानामा छुट दिइनु हुन्न ।

मनन्योग्य

विदुर नीति

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ ।ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्तकहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ। वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ । वास्तवमा यमराज ज्यादै नै सौम्य आकृति भएका र शालीन व्यक्तित्वका धनी छन् ।

धर्मराज ईश्वरकै एउटा स्वरूप हुन्, तर भगवत् धर्मलाई बुझ्ने १२ जना महात्माका प्रमुख रूपमा उनलाई मानिएको छ । उनी भगवान्का ठूला भक्त र ईश्वरको रहस्यलाई बुझ्ने एक उच्चस्तरका ज्ञानी पुरुष हुन् । उनले आफ्नो कार्य सम्पादनको सिलसिलामा खटाइने आफ्ना अनगिन्ती दूत र तिनका सहायकहरूलाई भगवत् धर्मको रहस्य बताउने गरेका छन् र कस्तो जीवलाई कुन बाटोबाट ल्याउने गर्नुपर्दछ, कोसँग कस्तो वार्ता गर्नुपर्दछ भन्नेबारे बेलाबखतमा सम्झाइरहने पनि गर्दथे । आफू पनि मन, वचन र कर्मले भगवानुको भक्त थिए अनि आफ्ना काममा सहयोगी दूतहरूलाई पनि यस्तै किसिमका शिक्षाहरू दिने गर्दथे। धर्मराजले दूतलाई सम्झाउँदै भनेका थिए-

क्रमशः

वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथ

पदम श्रेष्ठ

ई.सं.६४३-६९० ताका १२ वर्षसम्म उपत्यकामा पानी नपरी ठूलो अनिकाल भएछ । राजा नरेन्द्रदेवले टेबहालका तान्त्रिक बन्धुदत्तसँग सल्लाह गर्दा उपत्यकावासीले गुरु गोरखनाथलाई भीक्षा नदिएपछि रिसाएर नौ वटै नागको आसन बाँधी श्लेषमान्तक वनमा बसिदिएका कारण खडेरी परेको बताएछन् । यसका लागि गुरु गोरखानाथका पनि गुरु आर्यावलोकितेश्वर (बुंगद्यो)लाई कामारूपकामाक्ष आसामबाट ल्याउन सके वर्षा भई सहकाल सुरु हुने बताएछन् । सल्लाह मुताविक राजा नरेन्द्रदेव, बन्धुदल आचार्य र ललित ज्यापू (तण्डुकार) आसाम पुगी अति कष्टका साथ रातो मछिन्द्रनाथलाई नेपाल ल्याए । अनि ठूलो वर्षा भएर खेती राम्रो भई सहकाल प्रारम्भ भएको खुसियालीमा आर्यावलोकितेश्वर रातो मच्छिन्द्रनाथ जात्रा सुरु भएको मानिन्छ ।

'बुँ' को अर्थ 'खेत', 'गा' को अर्थ 'अखडा' र 'द्यो' लाई बुंगद्यो भनिए भने अक्षय तृतीया अर्थात् महादेव-पार्वती विवाह महोत्सवका दिन आर्यावलोकितेश्वरले जब नाथ सम्प्रदायका भएर पनि मत्स्यअवतारका रूपमा दर्शन दिए, त्यसै बेलादेखि बुंगद्योलाई मच्छिन्द्रनाथ भनिएको हो भन्ने कथन छ । बौद्धधर्ममा १०८ लोकेश्वरमध्ये एक करुणामय, वैष्णवहरूमा मत्स्यअवतार, शैवहरूमा अर्धनारेश्वर शिव पार्वती र नाथमा ८४ सिद्धनाथमध्ये चौथो कानफट्टा योगीका रूपमा पुजिन्छ, रातो मच्छिन्द्रनाथलाई । नाथ सम्प्रदायमा गोरखनाथलाई नवौं सिद्ध गुरु र मच्छिन्द्रनाथसँगै रथारोहण गराइने चक्वाद्यो (जलाधारी लेकेश्वर)लाई आठौं सिद्धनाथका रूपमा लिइन्छ काठमाडौं उपत्यकामा । यसप्रकार आम धारणानुसार वर्षाका देवता इन्द्र मानिएता पनि काठमाडौं उपत्यकामा मच्छिन्द्रनाथलाई वर्षा र सहकालका देवता मानी देशको सबैभन्दा लामो जात्रा गरी प्रख्यात बनाएको छ । जुन जात्राले नेपाल र सिक्किमबीचको आदिम सम्बन्धलाई उजागर गरिरहेको हुन्छ भने नेपाली वास्तुकलाको नमूना, शास्त्रीय कर्मकाण्डको प्रवर्द्धन, इष्टमित्र, आफन्तबीचको आवतजावत, माया मोह, आन्तरिक तथा बाहच पर्यटनको प्रवर्द्धन आदि उजागर भइरहेको हुन्छ । जुन पर्व सरासर चल्दै गए निम्नलिखित तालिकानुसार सञ्चालनमा रहने गरेको पाइन्छ ।

> बौद्धधर्ममा १०८ लोकेश्वरमध्ये एक करुणामय, वैष्णवहरुमा मत्स्यअवतार, शैवहरुमा अर्धनारेश्वर शिव पार्वती र नाथमा ८४ सिद्धनाथमध्ये चौथो कानफ । योगीका रुपमा पुजिन्छ, रातो मच्छिन्द्रनाथलाई । नाथ सम्प्रदायमा गोरखनाथलाई नवौं सिद्ध गुरु र मच्छिन्द्रनाथसँगै रथारोहण गराइने चक्वाद्यो (जलाधारी लेकेश्वर)लाई आठौं सिद्धनाथका रुपमा लिइन्छ काठमाडौं उपत्यकामा । यसप्रकार आम धारणानुसार वर्षाका देवता इन्द्र मानिएता पनि काठमाडौं उपत्यकामा मच्छिन्द्रनाथलाई वर्षा र सहकालका देवता मानी देशको सबैभन्दा लामो जात्रा गरी प्रख्यात बनाएको छ ।

१) न्हवः महास्नान

प्रत्येक वर्ष चउलागा पारु (चैत्रशुक्ल प्रतिपदा)का दिन हाँडीगाउँको टंगालमा गहना खोज्ने जात्रा सकिएलगत्तै ललितपुर तःबहालस्थित बुंगद्योलाई लगनखेलस्थित माँ सिमाँ (आमा रुख)मा न्हवः (महास्नान) गरिन्छ । महास्नानको अर्थ- नेवार संस्कृतिअनुरूप कर्मतन्त्र, इही, बारा, विवाह आदि १० कर्म गर्न, रङरोगन एवं जिर्णोदार पूजा गर्नु हो ।

२) रातो मच्छिन्द्रनाथ रथारोहण

मातातीर्थ औंसीको भोलिपल्ट बछलाथ्व पारुका दिन रातो मच्छिन्द्रनाथलाई तःबहालबाट पुल्चोक हामोकीस्थित रथ निर्माणस्थल पुऱ्याइन्छ भने रथको चार पांग्रालाई चार भैरव, धमाअगाडि भैरव मुकुट, ३२ हाते नौ तले नौ ग्रहयुक्त रथको गजुर, चन्द्रसूर्य अंकित नेपाली झण्डा पुजिन्छ र बाजागाजाका साथ खटजात्रा हुन्छ ।

३) बाछलाथ्व तृतीया (अक्षय तृतीया)

देशभर गर्मीबाट बचाउने साखती (सख्खर मरिच, बिरे नुन र पानीको मिश्रण) खुवाउँदै महादेव, पार्वतीको विवाह महोत्सव मनाइरहेको बेला ललितपुरस्थित जट्टाधारी लोकेश्वर (रातो मच्छिन्द्रनाथका पिता) चक्वाद्योको छुट्टै जात्रा हुने गर्दछ । मच्छिन्द्रनाथको जात्राअघिदेखि नै मीननाथ (जट्टाधारी लाकेश्वर)को जात्रा हुँदै आइरहेको र मच्छिन्द्रनाथको जात्रा थाल्दा रथ तान्न नसकेपछि मीननाथ पनि सँगसँगै तान्न थालिएको बताइन्छ । अक्षय तृतीयाका दिन हाम्बकी पुल्चोकबाट तान्न थालिएको रथारोहण पुल्चोक गाःबहाल, दोस्रो दिन नुगःटोल, तेस्रोपल्ट लगनखेल पुऱ्याइन्छ । गाःबहाल, नुगः र लगनखेलमा मनाइने तीन यात्रालाई स्वर्ग, मर्त्य र पाताल भ्रमणका रूपमा लिइन्छ ।

४) नैक्या लुई (नरिवल खसाउने पर्व)

तीनटोल (गाःबहाल, नुगः र लगनखेल) स्वर्ग, मर्त्य र पाताल परिक्रमाको तेस्रो दिन लगनखेलमा नरिवल खसाएर भाग्यमानी बन्ने प्रतिस्पर्धात्मक जात्रा हुन्छ । रथको माथिल्लो गजुर तल्लाबाट खसाएको नरिवल विशाल जनसमुदायमध्ये जसले पाउँछ, उसैलाई यस वर्षको भाग्यमानी घोषणा गरिन्छ । नैक्या लुई (नरिवल खसाउनु) अघि नागसंगति भोज खुवाइन्छ, रोगबाट छुटकारा पाइन्छ भनी ।

५) याकः मिसा याः (महिला रथारोहण)

नैक्या लुईको भोलिपल्ट महिलाहरूले मात्र मच्छिन्द्रनाथको रथ १५० मिटर तानी लगनखेलको चार दोबाटोमा उभ्याउँछन् । यसलाई याकःमिसायाः भनिन्छ । त्यसैगरी १६ वर्षमुनिका बालिकाहरूले सोही दिन क्वा (जट्टाधारी लोकेश्वर) रथ तानेर चौबाटोमा पुऱ्याउँछन् ।

६) साइत जुराउने दिन

भणिमण्डलस्थित मंगलहिटीनेरको सोह्रखुट्टे पाटीमा ज्योतिषीले साइत हेरी रथारोहणका लागि रथ तान्ने गरिन्छ । जावालाखेल भणिमण्डल छ्वासपाः अजिमामा पुऱ्याएको चार दिनपछि भोटो देखाउने जात्रा हुने गर्दछ ।

७) जावाला होलेगु (भात छर्ने विधि)

भोटो देखाउनु एक दिनअघि 'नकि' भ्वयका नाउँमा पाञ्जु (पुजारी)हरूकी धर्मपत्नीहरूलाई भोज खुवाइन्छ भने राति पुल्चोकमा भातको देवता, सर्प बनाई विधिपूर्वक छर्ने गरिन्छ । यसै कारण भोटो देखाउने चउरलाई जावालाख्यो (भात मुछेर छर्ने चउर) भनिए ।

८) बिचापूजा

भोटो जात्रालगत्तै मच्छिन्द्रनाथको मूर्तिलाई खटमा राखी बुंगमती पुऱ्याइन्छ । बाजागाजाका साथ खटलाई नेकु नदी पार गर्नासाथ 'पथ भौ'का नाममा बुंगमतीवासीले अश्लील गाली गर्दछन् । आफ्नो भूमिमा आएका देवतालाई पुनः लिएर नजाओस् भनी गाली गरिएको हो भने ललितपुरवासी चार दिनपछि विचार गर्न बुंगमती पूजामा जाने गर्दछन् ।

९) कर्कट नागराजा टौदह

मच्छिन्द्रनाथ बुंगमती झरेपछि कर्कट नागराजा टौदह फर्किन्छन् भन्ने मान्यतानुसार चोभारको आकाशमा रातभर हेरिन्छ । बुंगमतीमा रथ लगेपछि पितादेवता चक्वाद्योले बिलौना गर्छन् भन्ने मान्यतानुसार भक्तजनहरूले चित्रबहालमा रोटी चढाउँछन । सबैभन्दा लामो समय चल्ने रातो मच्छिन्द्रनाथ जात्रा वैशाखदेखि भाद्रसम्म पनि भोटोको साइत पर्ने गर्दछ । यदि असोज दसैंसम्म पनि भोटो जात्राको साइत नजुरेमा भक्तपुरबाट मच्छिन्द्रनाथको जात्रा गर्नुपर्ने विधान छ ।

भोटो जात्राको आख्यान

नागराजा कर्कट रानीको आँखा दुख्दा वैद्यको खोजीमा नागराजाले उनै ज्यापुलाई रानीको आँखा देखाउँदा निको बनाइदिएछन् । यसबाट खुसी भएका नागराजले रत्नजडित भोटो उपहार दिएछन् । त्यही भोटो एउटा ख्याकले चोरी मच्छिन्द्रनाथको जात्रामा लगाएर आएछन् । ज्यापु र ख्याकबीच युद्ध हुँदा मच्छिन्द्रनाथले प्रमाण लिएर आऊ, जसको हो उसैलाई दिउँला भनी प्रत्येक वर्ष भोटो देखाउने गर्दै आइरहेको हो । ख्याकको त भोटो नै थिएन, ज्यापुले पनि प्रमाण जुटाउन नसकेपछि जीवित देवी कुमारी, राष्ट्रप्रमुखसहितको उपस्थितिमा भोटो देखाउने परम्परा रहँदै आएको हो ।

लुभु महालक्ष्मी जात्रा (रातो मच्छिन्द्रनाथ) :

गोभ्रातेश्वर महादेवको शिरमा महालक्ष्मी स्थापित भएपछि लुभु ललितपुरवासीमा हात्तीपाइले र गलगाड रोगको महामारी फैलिएछ । ज्योतिषीलाई देखाउँदा गोभ्रातेश्वरभन्दा तल्लो टोलमा महालक्ष्मी स्थापना गर्न सुझाएछन् । सल्लाहनुसार ने.सं. ६५० मा गंगा महारानीले महालक्ष्मी महाभैरवलाई देशभित्रै स्थापना गरी जात्रा चलाएको बताइन्छ । भनिन्छ, यसैदिन रातो मच्छिन्द्रनाथको भोटो जात्रासँगै लुभु महालक्ष्मी जात्रा तामझामका साथ सप्ताहव्यापी मनाइन थालियो ।

लुभुमा फैलिएको रोगका कारण उत्पन्न अनिकाल रोक्न भैरवको सुनको छाता ओढेको अर्थात् लुभुका किरातकालीन राजा भैरवीले धनदौलत, सुन बेचेर भोकमरी रोकेको आख्यानहरू पाइन्छ । रातो मच्छिन्द्रनाथलाई कामरूपकामाक्षबाट नेपाल ल्याइँदा लुभु महालक्ष्मी महाभैरवले रथको दुई पांग्रा बनिदिएको हुँदा बुंगद्यो जात्रासँगै अक्षय तृतीयादेखि सुरु हुने बताइन्छ । महालक्ष्मी जात्रामा खट उचाल्नुअघि जंगा महारानीको हुकुम भन्ने परम्पराबाट पनि मातृसत्तात्मक राज्यसत्ता प्रभावित भएको पाइन्छ, लुभु महालक्ष्मी जात्रामा ।

अक्षय तृतीया (साखःति त्वनेगुदिं)

बुद्धमतानुसार एक बुद्ध शासनको अन्त्यपछि अर्को बुद्धको युग आउने बताएको छ । ब्रह्मकुमारी राजयोग सेवा केन्द्रद्वारा एक युगमा पाँच हजार वर्ष चक्र हुन्छ र सत्य, त्रेता, द्वापर, कली साढे १२ सय वर्ष भनिएको छ । हाल कलीयुगको अन्त्य संगम युगलाई कृश्चियन, मुस्लिमले पनि स्वीकारेको पाइन्छ । चार युगमध्ये सत्ययुगको सुरु शिव-पार्वती विवाहका रूपमा मनाइन्छ । यसदिन रातो मच्छिन्द्रनाथको रथ पुल्चोक हामोकीबाट तानेर गाःबहाल पुऱ्याइन्छ भने लुभु महालक्ष्मी महाभैरव जात्रासमेत सुरु हुने गर्दछ । वसन्त ऋतु समाप्त भई गृष्मऋतु प्रारम्भको यसदिन अत्यधिक गर्मी हुने हुँदा गर्मीबाट बच्न जौको सातु र दालचिनी, ल्वाङ, सुकुमेल, अलैंची र सख्खर हालेर बनाएको साखःति बाडिन्छ । शक्तिविना शिवको कुनै अस्तित्व रहँदैन । शिव-शक्तिबीचको संयोजित यसदिन पशुपति क्षेत्रमा शिव-पार्वती खटजात्रा हुने गर्दछ । बौद्ध द्वाविशतिकावदान र निर्णय सिन्धुमा वैशाख शुक्ल तृतीयाबारे उल्लेख छ ।

गुह्येश्वरी जात्रा

शिवलाई पशुपतिमा लिंगका रूपमा पुजिन्छ र वीजस्वरूप चन्दन- दिइन्छ । गुहचेश्वरी नामैले स्त्रीशक्ति जहाँ रजस्वरूप रातो टीका-प्रसाद दिइन्छ । मातृशक्तिको नेतृत्वदायी नेवारहरू गुहचेश्वरीमा विवाह, व्रतबन्धमा पहिलो पूजा हुन्छ । बौद्धहरूमा नैरात्मादेवी गृहचेश्वरी तेल बेच्दै हिँड्दा मानन्धर तेलीले पत्ता लगाई ने.सं. ७७४ वैशाख शुक्ल एकादशीको दिन गणेश र भैरवसहित स्थापित छन् । तर प्राचीन गुहचेश्वरी बालाजुस्थित पुरानो गुहचेश्वरी मानिन्छ ।

प्रत्येक कछलगा अष्टमीका दिन यःसि (लिंगो) उठाएर गुहचेश्वरी जात्रा हुन्छ । सोही दिन हनुमानढोकाको तलेजुसँग सम्बन्ध जोड्न सिन्दुरजात्रा गरिन्छ । गुरुजु पल्टनसहित नवमीका दिन राति भैरवसहित गोप्य पूजा र दशमीका दिन मूल जात्रामा ठूलो भीड लाग्छ । गुहचेश्वरीलाई १०८ वटा हाँसको अण्डा, जाँड-रक्सी, पशुबलि सरकारी पूजा दिइन्छ । एकादशीका दिन झोछें र लायकुसाका सायमीहरूले गहना तिसा विचा पूजा र दशमीका दिन नौ टोलबाट द्याः बाजा जाने गरिन्छ ।

अप्ठ्यारो गाउँको अप्ठ्यारो मलमास मेला

मलमास महिनामा विवाह, व्रतबन्ध आदि शुभकार्य मात्र नभई यौन सम्बन्धसमेत राख्नु हुँदैन । नवविवाहित पत्नी मलमासमा माइतीघरमा नै बस्ने गर्दछन् तर कीर्तिपुरको न्हेगाँ (सात गाउँले) जात्रासँग सम्बन्धित मच्छेगाउँमा भने मच्छेनारायण नुहाउने एक महिने मेला भर्दछन् ।

प्राचीनकालमा कीर्तिपुरबाट मच्छेगाउँ प्रवेश गर्दा जंगलैजंगलको बाटो, नैकाप-बल्खुबाट देश छिर्दा नदी, मसान पार गर्नुपर्ने हुँदा नेपाल भाषामा मछिंगा अर्थात् अप्ठ्यारो ठाउँको गाउँ भनियो । ध्यानाचो माजु (चम्पादेवी) डाँडाको पाउ गाउँको बीचमा मच्छेनारायण मन्दिर पोखरीमा छ । माछाको मुखबाट प्रादुर्भाव नारायणले मत्स्यगाउँ भनिएको हो कि भन्ने पाइन्छ तर होइन । ने.सं. ८९७ मा स्थापित मच्छेनारायण स्थापनाअघि त्यो ठाउँ कतिसम्म दुर्गम रहेछ भने एकपल्ट कीर्तिपुरका राजा हात्ती चढेर जंगल घुम्न जाँदा अगाडि पनि पुच्छर, पछाडि पनि पुच्छर भएको अनौठो जीव भन्दै आदिवासी गोपालीहरू कुटो-कोदालो लिएर आक्रमण गर्न पुगे छन् । अचम्मित राजाले जनताको सुधारार्थ मत्स्यनारायण मन्दिर, फल्चापाटी निर्माण गराई कीर्तिपुरबाट श्रेष्ठ, खड्गी, मानन्धरलाई बसोबास गराए ।

कीर्तिपुरको सात गाउँमा नःगाङ, पाँगा बोसिगाङ, सतुङ्गल, नैकाप र मछिगाउँमा प्रत्येक वर्ष बखुमद न्हेगाँ (सात गाउँले जात्रा) मनाइन्छ । नारायणको शाब्दिक अर्थ नर र नारी, जल अर्थात् समुद्रमा उत्पन्न हुने जलचरमध्ये सबैभन्दा बुद्धिमान डल्फिन माछा नै हो भने माछाभन्दा बुद्धिमान मानिस हो है भन्ने तथ्य प्रस्तुत गर्ने प्रचीन ऋषिमुनिहरूले मत्स्य अवतारको परिकल्पना गरेको तर्क पाइन्छ ।

सिखी बुद्धले स्वयम्भू दर्शनार्थ मोक्ष प्राप्त गरेको डाँडा ध्यानाचो (चम्पादेवी) ७३७३ फिट अग्लो पर्वतमा अवस्थित मच्छेगाउँ मत्स्यअवतारको प्रतीक हो । आकाशबाट वर्षासँगै झरेको माछालाई राजाले पक्रिएछन् । माछाकै आग्रहमा सिसी राख्दा बढेर नअट्ने भएछ । त्यसपछि माछालाई नदीमा छोड्दा माछा नदी जत्रै भएछ । अचम्म, राजाले माछालाई समुद्रमा छोड्न खोज्दा नारायण प्रकट भई दर्शन दिएछ र अधिक मासभर मेला लाग्ने परम्परा बसेको बताइन्छ ।

padamcha@hotmail.com

वीरगञ्ज महानगरले अनधिकृत सटर भत्कायो

वीरगञ्ज (पर्सा)– वीरगञ्ज महानगरपालिकाले वडा नं ९ स्थित गीता मन्दिरपरिसरका अनधिकृतरूपमा निर्माण गरिएका सटर भत्काएको छ । अनधिकृत रूपमा कब्जा गरेर मन्दिर परिसरमा निर्माण गरिएका आधा दर्जनभन्दा धेरै सटरलाई महानगरले शनिबार तीनवटा एक्साभेटर लगाएर भत्काएको हो ।

वीरगञ्ज महानगरपालिका प्रमुख राजेशमान सिंहले वीरगञ्जका मठमन्दिर केही व्यक्ति र संस्थाले गरेको अतिक्रमणलाई हटाउने अभियान नै सुरुआत गरेको बताए । 'भगवान्लाई बन्धक बनाएर राख्न पाइँदैन, श्रद्धालु भक्तजनले जुनसुकै ठाउँबाट पनि मन्दिरको दर्शन गर्न पाउनुपर्छ भन्ने मान्यतासहित अनधिकृत रूपमा निर्माण गरिएका संरचना भत्काएका हौं,' नगरप्रमुख सिंहले भने, 'वीरगञ्जका केही त्यस्ता व्यक्ति तथा संस्थाले मठमन्दिरमा भगवान्लाई बन्धक बनाएर राख्ने चलन छ । त्यसको विरुद्धमा हामीले अभियान नै छेडेका छौं ।' महानगरले मन्दिरको मूल प्रवेशद्वारको दायाँ-बायाँ र पश्चिमतर्फका आधा

दर्जनभन्दा धेरै सटरहरू एक्साभेटर लगाएर भत्काएको हो ।

नगरप्रमुख सिंहले केही व्यक्तिले अनधिकृत रूपमा सार्वजनिक मठमन्दिर वरपर संरचना निर्माण गराएर कमाइखाने भाँडो बनाइरहेकाले सोलाइ हटाउने अभियान थालेको बताए । 'केही व्यक्तिले विनाअनुमति मन्दिरको सौन्दर्यकरणलाई प्रत्यक्ष प्रभावित पार्नेगरी विभिन्न सटर थापेको पनि पाइयो,' उनले भने, 'गीता मन्दिर परिसरमा अनुमतिबेगर नै व्यापारिक सटर निर्माण गरेर सञ्चालन गरेको पाइएपछि भत्काएका हौं ।'

नगरप्रमुख सिंहले गीतामन्दिर परिसरमा रहेका सटरहरूको आम्दानीको लेखापरीक्षण तथा अन्य कुनै पनि कारोबारको स्पष्ट नभएको पनि दाबी गरे । 'हामीले १२ दिन अगाडि गीता मन्दिर परिसरमा भएका सटरको सम्बन्धमा सर्वपक्षीय छलफल गरेका थियौं । सो छलफलपछि आवश्यक कागजात पनि बुझाउन भनेका थियौं । तर, सटर सञ्चालनकर्ताले कुनै पनि कागजात पेस नगरेपछि आज भत्काएका हौं,' उनले भने । सो परिसरमा आधा दर्जनभन्दा धेरै सटर रहेका थिए ।

नगरप्रमुख सिंहले अनधिकृत संरचना भत्काएसँगै अब मन्दिर परिसरलाई व्यवस्थित गराउने बताए । 'गीता मन्दिर परिसरमा अनधिकृत संरचनालाई पूर्णरूपमा हटाएर तुरुन्तै व्यवस्थित रूपमा नयाँ खालको आवश्यक संरचना बनाएर अघि बढाउनेछौं ।' वीरगञ्ज महानगरले पछिल्लो समय अतिक्रमणमा परेको सार्वजनिक जग्गालाई फिर्ता गर्ने काम गर्दै आइरहेको छ । *रासस*

आगलागीपीडितलाई राहत

रोटरी क्लब अफ राप्तीले आगलागीपीडित राजपुर गाउँपालिका–७ स्थित हाडबासका स्थानीयलाई वितरण गर्न राहत सामग्री लिएर डुंगामा राप्ती नदी पार गर्दै । राजपुर गाउँपालिकाको हाडबास गाउँमा गत वैशाख १६ गते आगलागी हुँदा १६ घर जलेका थिए । राप्ती नदीमा पुल नहुँदा लमही नगरपालिका–९ अमिलियाबाट राजपुर गाउँपालिका–७ हाडबास जान डुंगामा नदी पार गर्नु पर्दछ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

पानीका मुहान सुक्न थालेपछि संरक्षण गरिँदै

गलकोट (बागलुङ)– पछिल्लो समय बागलुङमा मुहान तथा कुवा सुक्न थालेका छन् । विभिन्न कारणले गर्दा खानेपानीका मुहान सुक्दै गई खानेपानीको अभाव हुन थालेपछि मुहान संरक्षण गर्न अभियानका रूपमा लिइएको छ । कतै मुहान संरक्षण थालिएको छभने कतै मुल फुटाउन पोखरी संरक्षण गर्न थालिएको हो ।

पछिल्लो समय सडक निर्माण, जलवायु परिर्वतन तथा भूकम्पका कारण पानीका मुहान सुक्दै गएका कारण संरक्षणका लागि पहल थालिएको हो । तीन वर्षअघि मात्रै खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले जिल्लामै पहिलोपटक बागलुङ नगरपालिका-८ सिगानास्थित छरछरे खानेपानी आयोजनाको मुहान संरक्षण गरेको थियो ।

मुहान भासिएर तल जाने समस्या भएपछि मुहान संरक्षण आवश्यक रहेको प्राविधिकहरूको भनाइ छ । कार्यालयले मुहान सुक्दै जान थालेपछि संरक्षणका लागि सिगानाबाट अभियान सुरु गरिएको थियो । छरछरे खानेपानी आयोजनाको मुहान मोटरबाटोका कारण भासिन थालेपछि चार लाख रूपैयाँ बजेटमा संरक्षण गरिएको थियो । मुहान चुहावट नहुने प्रविधिका साथ पक्की रूपमा नै संरक्षण गरिएको थियो ।

यस्तै, काठेखोला गाउँपालिका-४ तंग्रामका खानेपानीका मुल सुक्न थालेपछि तंग्राम गाउँको धुरीमा रहेको खोरताललाई संरक्षण गरी 'रिचार्ज' पोखरीका रूपमा विकास गर्न गत वर्षदेखि काम थालिएको छ । गण्डकी प्रदेश सरकारको ३० लाख रूपैयाँ बजेटमा उक्त पोखरीको संरक्षण गर्न थालिएको जनाउँदै पोखरीमा पानी जम्मा भएमा पोखरीमुनिका मुहान बिस्तारै रसाउँदै जाने स्थानीयको भनाइ छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले थालेको मुहान संरक्षण अभियानलाई बागलुङ नगरपालिकाले चालु आर्थिक वर्षबाट साथ दिएको छ । बागलुङ-३ स्थित रुम्टामा रहेको खानेपानीको मुहान संरक्षण गरी संकलन गर्ने व्यवस्था वडा कार्यालयले मिलाएको हो । अहिले वडा कार्यालयअन्तर्गत रुम्टामा मुहान संरक्षण, गहतेमा खानेपानी धारा व्यवस्थापन र हनुमानपौवामा आउने पानीको मुहान संरक्षण गरी नयाँ खानेपानीको धारा ल्याइएको वडाध्यक्ष सनी केसीले जानकारी दिए । उनले थोरै लागतमा प्रभावकारी कामका लागि चौतारी संरक्षण, मुहान संरक्षण तथा पुरानो धारा संरक्षणको कामलाई अभियानका रूपमा लिइएको बताए ।

'चौतारी मासिए, वरपीपल मासिए मुहान सुक्दै गए, बागलुङ बजारवासीले नियमित रूपमा खानेपानी लैजाँदै आएका खानेपानीका मुहान संरक्षण गर्न थालिएको हो, रुम्टाका स्थानीयको सक्रियतामा मुहानलाई नचुहिने बनाएर पानी संकलन गरिएको छ,' अध्यक्ष केसीले भने, 'हामीले सडक, भवन मात्रै विकास देखिरहेको सन्दर्भमा एक लाख रूपैयाँभित्रै ठूलो काम गर्न सकिने योजनामासमेत हाम्रो ध्यान छ, चौतारी संरक्षण तथा मर्मत, हनुमानपौवा मुहान, रुम्टा मुहान र गहते धारा संरक्षणमा जम्मा ८० हजार रूपैयाँ खर्च भएको छ तर हजारौं बागलुङवासीको तिर्खा मेटाउन सहज भएको छ ।'

'एक घर, एक धारा' अभियान आए पनि रुम्टामा खानेपानीका लागि कुवामा दिनभर गाग्री भर्नुपर्ने बाध्यतालाई वडा कार्यालय र स्थानीय जनश्रमदानबाट मुहान संरक्षण गरी पानी संकलन गर्ने व्यवस्था मिलाइएको रुम्टा गदौरेखोला मुहान संरक्षणमा सक्रिय स्थानीय सरेश विकले बताए । उनले वडा कार्यालयको ४० हजार रूपैयाँ र स्थानीयको जनश्रमदान र १३ हजार रूपैयाँ सहयोग संकलन गरी मुहान संरक्षण गरिएको जानकारी दिए ।

उनले पहराबाट निस्किएको मुहान सडक छेउमै भएका कारण भासिन थालेपछि संरक्षण गरिएको जनाउँदै सडमा हिँड्ने पैदल यात्रुलाई सहज भएको बताए । संरक्षण गरिएको मुहानको पानी निकै मीठो भएकाले बागलुङ बजारबाट पानी भर्न आउने गरेका छन् । मोटरबाटोका कारण मुहान भासिँदै गएका कारण सम्भावित खानेपानीको अभाव सिर्जना हुन सक्ने भन्दै मुहना संरक्षण गर्न थालिएको हो ।

बागलुङमा वातावरणीय प्रभाव मूल्यांकन नगरी सडक निर्माण गर्दा र भूकम्प तथा जलवायु परिवर्तनका कारण मुहान सुक्दै जान थालेका छन् । खानेपानीका मुहान सुक्न थालेर खानेपानीको आपूर्ति असहज भएपछि बागलुङ नगर खानेपानीले समेत लिफ्टमार्फत खानेपानी वितरण गरिरहेको बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष केबी रानाले जानकारी दिए । *रासस*

स्थायी आवास बनाइदिन इस्माका अग्निपीडितको माग

तम्घास (गुल्मी)– गुल्मीको इस्मा गाउँपालिकामा यही वैशाख ८ र ९ गते आगलागी हुँदा वडा नं. २ सिन्दुखा र वडा नं. ४ को हुल र कोटकोटेरीको सिंगो गाउँ सखाप भयो । आफ्नो घर-गोठ जलेपछि पीडित छिमेकीकोमा रात कटाए पनि उनीहरूले स्थायी आवासको व्यवस्था मिलाइदिन सरकारसँग माग गरेका छन् ।

इस्मा गाउँपालिका-४ दोहोली कोटकोटेरीका बिमला अधिकारीले छ वर्षअघि दुईतले घर बनाइन् । घर बनाउँदा लागेको ऋण तिर्न श्रीमान् परदेश गए । नयाँ घरमा छोराछोरीसहित बिमलाले जेनतेन गुजारा चलाइरहेकी थिइन् । तर बिमलाको परिवारलाई नयाँ घरमा धेरै समय बस्न भाग्यले दिएन । वैशाख ८ र ९ गते लागेको भीषण आगलागीले उनको घर र गोठ जलेर पूर्णरूपमा नष्ट भयो ।

'घर जलेको खबर मैले श्रीमान्लाई भन्नै सकेकी थिइनँ, तर नभनी पनि भएन,' उनले भनिन्, 'ऋणमाथि बनाएको घरसँगै खुसी पनि जलेको छ ।' उनले अहिले पनि घर बनाएको ऋण भएको बताइन् । श्रीमान् रोजगारीका लागि रोमानिया गए पनि त्यहाँ सोचेजस्तो कमाइ नभएकाले अहिले तत्काल घरमा पैसासमेत पठाउन नसक्ने बताएको बिमलाले सुनाइन् । उनका छोराले एसइई दिएका छन् भने छोरी गाउँकै विद्यालयमा कक्षा ५ मा प्रथम भएकी थिइन् । तर छोरीले पाएको पुरस्कार पनि घरसँगै जलेको छ । बिमलाको परिवार अहिले छिमेकीको घरमा गुजारा चलाएर बसेको छ । 'सधैंभरि छिमेकीकोमा बस्ने कुरा पनि भएन, सरकारले स्थायी आवास बनाइदिए राम्रो हुने थियो,' उनले भनिन् ।

सोही आगलागीमा परेर कोटकोटेरीको सुरेन्द्र विकको पनि घर जल्यो । छोराको परिवार एउटै घरमा दुई परिवार भएर बसेका थिए । छोरा-बुहारीले टेलरिङ पसल सञ्चालन गरेका थिए भने सुरेन्द्र र उनकी श्रीमतीले किराना पसल सञ्चालन गरेका थिए । त्यसबाट उनीहरूको जीविकोपार्जन भएको थियो । तर वैशाख ९ गतेको आगोले उनीहरूको घर, लत्ताकपडासँगै खुसी पनि जल्यो । पहिले गाउँमै व्यापार गरिरहेका विक परिवार अहिले आवासको खोजीमा छ । 'भएको घर जल्यो, अहिले छिमेकीकोमा बसेर गुजारा चलाएका छौं,' विकले भने, 'हामीलाई जतिसक्दो छिटो स्थायी आवासको व्यवस्था भएमा पहिलेकै जिन्दगीमा फर्कने कोसिस गर्ने थियौं ।'

कोटकोटेरीकै बलबहादुर दर्जीको पनि आगोमा परी दुई घर र एउटा गोठ जल्यो । अहिले छिमेकीको घरमा बस्दै आएका दर्जी आफू सानोमा पनि आगोमा परेर भाग्यले बाँचेको सम्झिन्छन् । अहिले पुनः आगोले घर जलेको छ । 'अब बर्खा पनि सुरु हुन थाल्यो, जतिसक्दो छिटो स्थायी आवास भयो भने अलि राहत हुने थियो,' दर्जीले भने ।

बिमला, सुरेन्द्र र बलबहादुर त आगोले घर जलेर स्थायी आवास बनाइदिन अनुरोध गर्ने प्रतिनिधिमूलक पात्र मात्रै हुन् । उनीहरूजस्तै इस्माका अन्य अग्निपीडितले आफूहरूलाई अस्थायी आवासभन्दा स्थायी आवास नै बनाइदिन माग गरेका छन् । अहिले वर्षा भएको र थप वर्षा हुने समय पनि नजिकिएकाले उनीहरूले सकेसम्म वर्षाअघि नै नयाँ घर बनाउने विषयमा सहजीकरण गर्न सरकारसँग आग्रह गरेका छन् ।

आगोमा परेर इस्माका २६ घर र ४९ गोठ जलेर पूर्णरूपमा नष्ट भएका छन् । आगलागीबाट २०० भन्दा बढी नागरिक प्रभावित भएका छन् । योबाहेक एउटै घरमा दुई परिवार भएर बसेका, गोठमासमेत परिवार बसेका गरी इस्मामा बढी मात्रामा क्षति भएको छ ।

इस्मा गाउँपालिकाले आगलागीबाट क्षति भएका संरचनाको उचित व्यवस्थापन र केही ठाउँमा अस्थायी आवास निर्माण गर्नका लागि प्रधानमन्त्री रोजगारका कामदारसमेत परिचालन गरेको थियो । त्यसका साथै जनप्रतिनिधि र कर्मचारीलेसमेत स्थानीयको सहयोगमा श्रमदान गरेका थिए । इस्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले घर निर्माणका लागि गाउँपालिकाले संघ र प्रदेश सरकारसँगको लागत साझेदारीमा चार र गाउँपालिकाको एक लाख रूपैयाँ गरी पाँच लाख प्रदान गर्ने बताए । पालिकाले दिने रकमको सम्झौतासमेत गरिएको छ ।

जसमा ५०/५० हजार रूपैयाँ गरी दुई किस्तामा रकम प्रदान गरिने छ । अध्यक्ष खड्काले अहिले आफूहरू विपद्मा रहेको भन्दै सक्दो सहयोग गर्न सबैसँग अपिलसमेत गरे । अग्निपीडितको अवस्था अवलोकन गर्न पुगेका सोही क्षेत्रका संघीय सांसद गोकर्ण विष्टले आफूहरूले पीडितको घर बनाउनेगरी योजना बनाएको बताए । 'वर्षाअगावै घर बनाएर पीडितलाई हस्तान्तरण गर्न लागिपरेका छौं,' विष्टले भने । *रासस*

धरानमा कृषि तथा खाद्य प्रविधि अनुसन्धान केन्द्र

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान
समुद्घाटन समारोह

सुनसरी (प्रस)– नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले धरानमा कोशी प्रदेशस्तरीय कृषि तथा खाद्य प्रविधि विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गरेको छ। धरान उपमहानगरपालिका-१६ मा बनेको केन्द्रको धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राई, नाष्टका उपकुलपति डा. दिलीप सुब्बा र सचिव डा. रवीन्द्रप्रसाद ढकालले शुक्रबार उद्घाटन गरे ।

त्यस अवसरमा उपकुलपति सुब्बाले प्रविधिको प्रयोगबाट कृषि उत्पादन बढाउन सकिने बताउँदै त्यसनिम्ति केन्द्रमार्फत किसानलाई सघाउन आफू प्रतिबद्ध रहेको बताए । नगरप्रमुख राईले धरानको विकास आफ्नो एकमात्र लक्ष्य रहेको भन्दै केन्द्र स्थापनाका निम्ति उपमहानगरपालिकाले पूर्वाधार खडा गरेको जानकारी दिए । साथै उनले धरान आवासका निम्ति उपयुक्त सहर भएकाले त्यसैअनुसार खानेपानी योजना सञ्चालन तथा फोहरमैला व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । नास्टका सचिव ढकालले केन्द्रमा विशेषगरी कृषि र खाद्य प्रविधिसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान हुने बताए ।

Mandandeupur Municipality
Office of Municipal Executive
Mahadevsthan, Kavre
Bagmati Province, Nepal

INVITATION FOR ONLINE BIDS

(Date of Publication: 12th May 2024)

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the Goods mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system **www.bolpatra.gov.np/egp** or may visit Mandandeupur Municipality website **www.mandandeupurmun.gov.np.**

S/n	Project Name	Contract Id	Last Date of Bid Submission	Date of Bid Opening	Bid Document Fee (Nrs)	Bid security Amount Nrs.	Cost Estimate (Excluding Vat & Contingency)
1.	Supply and Delivery of Sanitary Pad	33/Goods/SQ/MDM/080/81	27/05/2024 12:00 hrs.	27/05/2024 13:00 hrs.	Nrs.1,000	Nrs.34000.00	Nrs.12,24,780.00

प्रभाव दैनिक

रूपशाला

जावलाखेलमा 'क्युट एण्ड साइन ब्युटी हब'

ललितपुरको जावलाखेलमा क्युट एण्ड साइन ब्युटी हब सञ्चालनमा आएको छ। हबको शुक्रबार अभिनेत्री पूजा शर्माले रिबन काटेर शुभारम्भ गरिन्। अभिनेत्री पूजाले हबको सफलताको कामना गर्दै सुरूवाती दिनमा सफलताका लागि सकारात्मक कुरा सम्झनुपर्ने बताइन्। हबकी सञ्चालिका सरू श्रेष्ठका अनुसार हबमा वेलेस, स्पा र बाथका सुविधा छन्। हबले पीएमयू, स्किन केयर र हेयर कट एण्ड केयरमा एडभान्स र स्पेसल तालिम पनि दिने उनले बताइन्। सरू १२ वर्षदेखि सौन्दर्य क्षेत्रमा छिन्।

आइतबार ३०, वैशाख २०८१ (Sunday, May 12, 2024)

संगीतकर्मी संघको छैटौं अधिवेशन सम्पन्न

राष्ट्रिय संगीतकर्मी संघ
१८औं साधारण सभा तथा
छैटौं केन्द्रीय महाधिवेशन-२०८१

प्रभाव संवाददाता

काठमाडौं – राष्ट्रिय संगीतकर्मी संघको १८ औं वार्षिक साधारणसभा तथा छैटौं केन्द्रिय महाधिवेशन शुक्रबारबाट काठमाडौंमा सुरु भइ शनिबार प्रज्ञा प्रतिष्ठानमा सम्पन्न भएको छ। यो अधिवशेनको नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति एवम् बरिष्ठ संगीतकार शम्भुजित बासकोटाले काठमाडौंको राष्ट्रिय सभागृहमा उद्घाटन गरे। मुलुकका २० हजार भन्दा बढी कलाकारहरू समेटिएको यस संघको महाधिवेशनमा ७५ जिल्लाबाट कलाकारहरू काठमाडौं आई सहभागी भएका छन।

संघको कार्यवाहक अध्यक्ष प्रकाश कटवालको सभापतित्वमा सम्पन्न १८ औं वार्षिक साधारणसभाको उदघाटन समारोहमा जनसवाल राष्ट्रिय दैनिकका सम्पादक एबम संघका सल्लाहकार रामजी बगाले, लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष रिता थापामगर, सोही प्रतिष्ठानका पूर्व अध्यक्षहरू बद्री पँगेनी, चन्द्र शर्मा, उपाध्यक्ष राधिका हमाल,राष्ट्रिय लोक दोहोरी व्यबसायी संघका अध्यक्ष बिनोद श्रेष्ठ, लोक सञ्चारकर्मी संघका अध्यक्ष चन्द्रमणि गौतम, इन्द्रेणी कार्यक्रमका सञ्चालक तथा लोक गायक कृष्ण कँडेललगायत संघ संस्थाको आतिथ्यतामा सम्पन्न भएको थियो।

सो समारोहमा राष्ट्रिय संगीतकर्मी संघका महासचिब अमृत खातीले कार्यक्रमबारे प्रकाश पार्दै यो संघमा गायक गायिका, नृत्यकार, मोडल, चलचित्रकर्मी जस्ता विविध पेशाका कलाहरू आवद्ध रहेको बताए। आफु महासचिब हुँदाको अबस्थामा संघमा उल्लेख्य प्रगतिको कार्य भएको बताउँदै महासचिव खातिले सोबारे प्रकाश पारे।

कार्यक्रमका प्रमुख अतिथि तथा बरिष्ठ संगीतकार शम्भुजीत बास्कोटाले नेपाली गीतसंगीत तथा कलाको क्षेत्रमा राष्ट्रिय संगीतकर्मी संघका तर्फबाट कलाकाहरूले निकै ठुलो योगदान पुर्याएको बताए। कलाकारहरूको एकता र हकहितका लागि यो संस्थाले गरेको काम प्रसँसनीय भएको बास्कोटाले बताए।

कार्यक्रमका विशिस्ट अतिथि, जनसवाल राष्ट्रिय दैनिकका सम्पादक एबम संघका सल्लाहकार रामजी बगालेले संघको १८ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना ब्यक्त गरे।

यस्तै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानकी अध्यक्ष रिता थापामगरले यो अधिवशेनले कलाकारहरू जुटेर अघि बढ्न सक्छन भन्ने सन्देश दिने विश्वास व्यक्त गरिन्। संघको अधिवेशनको शुभकामना दिँदै उनले आउँदा कार्यसमिति निकै राम्रो बन्ने जनाउदै प्रतिष्ठान र संघ एउटै आमाको दुई सन्तान भएको बताईन।

यस्तै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका पूर्व अध्यक्षहरू बद्री पँगेनी र चन्द्र शर्माले पनि संघको १८ औं वार्षिक साधारण सभाको सफलताको शुभकामना ब्यक्त गरे।

संघका कार्यवाहक अध्यक्ष प्रकाश कटवालले आफु सँधै कलाकारहरूको हकहित र एकताको पक्षमा रहेको बताए। हरेक जिल्लामा पुगेर अधिवेशन गर्दै आफुले त्यहाँका कलाकारको समस्या बुझ्केकाले ती समस्या समाधानको लागि क्रियाशिल रहेको जनाए। अहिले बजारमा संघबारे विभिन्न गुटबन्दी चलिरहे पनि आफु एकताको पक्षमा रहेको कार्यवाहक अध्यक्ष कटवालले बताए। यो अधिवेशनमा अध्यक्षको दावेदारी प्रस्तुत गरेका कटवालले आफु संघमा रहेर कलाकारहरूको सेवामा निरन्तर लागि पर्ने बताए।

नौमती बाजाले समारोहमा अतिथिहरूलाई स्वागत गरिएको थियो। देउडा नृत्य, झ्याँकी नाच, हुड्केली नृत्यसहित विभिन्न नृत्यले कार्यक्रमलाई निकै आकर्षक तुल्याएको थियो।

कार्यक्रममा बरिष्ठ पत्रकार रामजी बगाले, राष्ट्रिय लोक दोहोरी व्यवसायी संघका अध्यक्ष बिनोद श्रेष्ठ, ग्रीनसिटि अस्पतालका अध्यक्ष एल बि टन्डन, साझासवाल मिडियाका सम्पादक अनिल अधिकारी, न्युजलाईन्स मिडियाका राजु भट्टसहित संघलाई विभिन्न तवरबाट सहयोग गर्ने व्यक्तिहरूलाई सम्मानित गरिएको थियो।

संघको अधिवेशन अन्तर्गत शनिबार बिहान नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा बन्दसत्रको कार्यक्रम रहेको छ। शनिबार बेलुका हुने निर्वाचनबाट संघमा नयाँ कार्यसमिति चयन हुने यसका कार्यवाहक अध्यक्ष कटवालले बताए।

५१औं दिनमा 'महाजात्रा'

प्रभाव संवाददाता

काठमाडौं– 'जात्रा' र 'जात्रै जात्रा' पछि षट्कोण आर्ट्सले निर्माण गरेको तेस्रो भाग 'महाजात्रा' प्रदर्शनको आठौं सातामा प्रवेश गर्दै ५१ औं दिन पुरा गरेको छ। अन्तर्राष्ट्रियबजारमा सर्वाधिक कमाइ गर्ने नेपाली फिल्म बनेको 'महाजात्रा' ले शनिवार काठमाडौं उपत्यकाका क्युएफएक्स, आइएनआई सिनेमाज, एफक्युब सिनेमाज, वान सिनेमाज, बिएसआर मुभिज, रञ्जना सिनेप्लेक्स, सिके सिनेमाज, विग मुभिज, सिनेडी सेफ र मोफसलमा नेपालगञ्जमा रहेको सिने रोयलमा प्रदर्शनको ५१ औं दिन पुरा गरेको हो।

गत वर्ष विसं २०८० चैत ९ गतेदेखि सार्वजनिक प्रदर्शन सुरू गरिएको 'महाजात्रा' ले अहिलेको समयमा समेत ५१ औं दिनको यात्रा तय गर्नु सुखद खबर रहेको अभिनेता हरिवंश आचार्यले बताए। षट्कोण आर्ट्सद्वारा ५१ औं दिनको अवसर आयोजित विशेष समारोहमा सहभागी हुँदै उनले अहिले नेपाली फिल्मलाई दर्शकहरूबाट प्राप्त मायाका लागि आभार व्यक्त गरे।

'यो शृफ्लाका अघिल्ला फिल्म झैं यसपटक पनि काठमाडौं उपत्यकाका १२ र मोफसलमा १ गरी तेह्र हलमा ५१ औं दिनको यात्रा पार गरेको छ। दर्शकले नै फिल्म राम्रो छ भनेपछि प्राप्त प्रतिक्रियाले यो सफलता पाएका छौं। दर्शकलाई जती धन्यवाद दिएपनि कम हुन्छ', अभिनेता आचार्यले भने,'अहिले नेपाली फिल्मलाई दर्शकले साथ दिईरहेका छन्। प्रदर्शन भएका फिल्मले घरेलु बजार र विदेशी बजारमा राम्रो व्यापार गरिरहेको छ। यसले यो वर्ष नेपाली फिल्मका लागि सुखद हुने देखिएको छ।' आयोजित समारोहमा अभिनेता आचार्यसँगै रवीन्द्र झा, शिशिर वाङ्गदेल, दिव्य देव, अरविन खड्का एसोसियट निर्देशक जेवी रुवाली, प्रोडक्सन म्यानेजर रूपकप्रताप अधिकारी लगायत सहभागी थिए। फिल्मका मुख्य कलाकार विपिन कार्की र वर्षा राउत एक फिल्मको छायांकनको लागि अमेरिका रहेको र निर्देशक प्रदीप भट्टराई, कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ र निर्माता म्याक्स दीपेश खत्री भारतमा रहेकाले कार्यक्रममा सहभागी हुन् सकेनन्।

निर्माता खत्रीले नेपालमा फिल्मले सोह्र करोड आठ लाख रूपैयाँको ग्रस कलेक्सन गर्न सफल भएको जानकारी दिएका छन्। 'हामीलाई यो सफलताले अझैं दायित्व बोध भएको छ। आगामी दिनमा दर्शकको भरोषालाई बढाउने र विश्वास टुट्न नदिने गरी काम गर्ने छौं। हामीले नयाँ फिल्म विसं २०८२ को दसैंमा ल्याउने छौं', निर्माता खत्रीले भने।

उनले अन्तर्राष्ट्रियबजार बलियो बनाउनुका साथै फिल्मको माध्यमबाट नेपाली कला, संस्कृति र भाषाको प्रवर्द्धनमा सहयोगी भूमिका निर्वाह गर्न पाउँदा आफूसहित सम्पूर्ण टिम हर्षित रहेको समेत बताए। अन्तर्राष्ट्रिय वितरक कम्पनि एमएसएम इन्टरटेन्मेन्टले डायस्पोरामा फिल्मको खडेरी हटाउन सफल भएको जनाएको छन्। उक्त कम्पनिका अनुसार सिड्नीमा ३५ भन्दा बढी शो भईसकेको छ। यो अहिलेसम्मको सिड्नीमा कुनै नेपाली फिल्मको भएको सर्वाधिक शो हो।

यसका साथै फिल्मले घोषणा गरेको 'महाजात्राको महाजोडी' फोटो प्रतियोगिताको विजेता प्रविनजंग थापा र प्रकाश के बुढाले एक/एक थान मोबाइल प्राप्त गरेका छन्। प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा हरिवंश आचार्य, वर्षा राउत, दिव्य देव, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ। म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले संयुक्त रूपमा निर्माण गरेका फिल्मका कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँ हुन्।

रंगशाला

कर्णाली हाफ म्याराथनको उपाधि
सेनाका नरेन्द्र र एपिएफकी पुष्पालाई

ज्ञान
खाद्यान्न
KARNALI HALF MARATHON
29th BAISAKH, 2081
MAY 11, 2024
तोकिएको मितिमा दशौं
सिर २०८१, सुर्खेत
MARKETED BY

प्रभाव संवाददाता

सुर्खेत– प्रथम ज्ञान खाद्यान्न कर्णाली हाफ म्याराथनको उपाधि नेपाली सेनाका नरेन्द्रसिंह रावत र एपिएफ क्लबका पुष्पा भण्डारीले जितेका छन्। शनिबार कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर(सुर्खेत)मा आयोजित कर्णाली हाफ म्याराथनमा नरेन्द्रले एक घण्टा ११ मिनेट २५ सेकेन्डमा निर्धारित २१.०९५ किलोमिटर दुरी पार गरी उपाधि जितेका हुन्।

त्यसैगरी एपिएफकी पुष्पाले १ घण्टा २८ मिनेट १७ सेकेन्डमा दुरी पुरा गरी प्रथम भएकी हुन्। पुरुषतर्फ नेपाली सेनाका रामजी बस्नेत एक घण्टा ११ मिनेट ४८ सेकेन्ड, सेनाकै श्रीकस राईले १ घण्टा १३ मिनेट २३ सेकेन्डमा दुरी पुरा गरी दोस्रो र तेस्रो भए। त्यस्तै महिलातर्फ नेपाली सेनाकी सिर्जना पाण्डे १ घण्टा ३२ मिनेट ४३ सेकेन्ड तथा जुम्लाकी राज्य रावलले १ घण्टा ३६ मिनेट ४० सेकेन्डमा निर्धारित दुरी पुरा गरी दोस्रो र तेस्रो भए।

शीर्ष तीन खेलाडीलाई क्रमशः जनही ५५ हजार, ३० हजार र २० हजार नगद, पदक र प्रमाणपत्रले पुरस्कृत भए। हाफ म्याराथन ४५ वर्ष माथि उमेर समूहमा काठमाडौंका धर्म महर्जन एक घण्टा २२ मिनेट, काठमाडौंकै रेवत दाहाल १ घण्टा २५ मिनेट ७ सेकेन्ड र बुटवलका गंगाबहादुर पुनले १ घण्टा ४८ मिनेट २ सेकेन्डमा दुरी पुरा गरी पहिलो, दोस्रो र तेस्रो भए। शीर्ष तीन जलाई क्रमशः १५ हजार, १० हजार र ५ हजार नगदबाट पुरस्कृत गरियो।

विद्यालयस्तरीय पाँच किलोमिटर छात्रतर्फ सुर्खेतका अजय विक, सुर्खेतकै रमेश बुढा र मुगुका नमराज बानियाँ तथा छात्रातर्फ सुर्खेतका विमला कार्की, सुर्खेतकै पूर्णिमा बुढाक्षेत्री र कालिकोटकी लक्ष्मी शाही क्रमशः पहिलो दोस्रो र तेस्रो भए। विद्यालय स्तरीय दौडका शीर्ष तीनलाई जनही दश हजार, सात हजार र पाँच हजार नगदले पुरस्कृत गरियो। पाँच किलोमिटर दौडमा एसओएस हर्मन माइनर विद्यालयका साढे आठ वर्षका बालक प्रेम बस्नेतले समेत दौड पुरा गरेका थिए। उनलाई आयोजकले दुई हजार नगदसहित प्रोत्साहन पुरस्कार प्रदान गरेको थियो।

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेल, वीरेन्द्रनगर नगरपालिका प्रमुख मोहनमाया ढकाल, कर्णाली प्रदेश खेलकुद विकास परिषद्का उपाध्यक्ष प्रमोद हमाल, सदस्यसचिव विश्वामित्र सन्ज्याल, वीरेन्द्रनगर नगरपालिकाका निवर्तमान मेयर देवकुमार सुवेदी, सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण कँडेल, विश्व कीर्तिमानधी धावक हरिबहादुर रोकाय, डा. नवराज केसी, कर्मचारी युनियनका अध्यक्ष बस्नेत लगायतले पुरस्कार वितरण गरेका थिए।

ललितपुर वुमन्स च्याम्पियनसिप

ललितपुर-११ को विजयी सुरुआत

प्रभाव संवाददाता

काठमाडौं– ललितपुर वुमन्स च्याम्पियनसिप टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ। प्रतियोगिताको ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले उद्घाटन गरेका थिए।

ललितपुर महानगरपालिकाको प्रायोजनमा सुरु भएको प्रतियोगितामा घरेलु टोली ललितपुर -११ ले विजयी सुरुआत गरेको छ। ललितपुर ११ ले बागमती प्रदेशलाई ७ विकेटले पराजित गरेको हो। ५३ रनको सामान्य लक्ष्य ललितपुरले १३.१ ओभरमा ३ विकेट गुमाएर पूरा गरेको थियो।

ललितपुरको जितमा पूजा महतोले नटआउट पारि खेलिन्। उनले ३० बलमा ३ चौका प्रहार गर्दै २३ रनमा नटआउट रहिन्। यस्तै, लक्ष्मी चौधरीले १२ रन बनाउँदा ७ बलमा ३ चौका हिर्काइन्। किरण कुँवर र सरस्वती घर्तीमगरले ६-६ रनको योगदान गर्दा बागमतीकी खुसी डङ्गोलले एक विकेट लिइन्। खुसीले लक्ष्मी चौधरीलाई आउट गर्दा किरण र सरस्वती भने रनआउट भएका थिए।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा टस जितेर पहिला ब्याटिङ गरेको बागमती प्रदेश १४.२ ओभरमा ५२ रनमा समेटिएको थियो। बागमतीकी कप्तान अश्मिना कर्माचार्यले २० रन बनाउँदा २६ बल फेस गरिन्। उनले ३ चौका प्रहार गरिन्। कञ्चन श्रेष्ठ ११, हेलिसा गुरुङ ५ र खुसी डङ्गोलले ६ रन बनाएकी थिइन्।

यस्तै, ललितपुरकी कृतिका मरासिनीले ह्याट्रिक गर्दा पनि बागमतिको पारि ध्वस्त भएको थियो। मरासिनीले १२ औं ओभरका चौथो, पाँचौं र छैटौं बलमा विकेट लिँदै ह्याट्रिक गर्न सफल भइन्। उनले खुसी चौधरीलाई बोल्ड आउट गर्दा विपिशा शाहीलाई क्याच आउट गरिन्। छैटौं बलमा भने उनले मनीषा उपाध्यायलाई बोल्डआउट गर्दै ह्याट्रिक पूरा गर्न सफल भइन्। उनले १४ औं ओभरको पहिलो बलमा पनि विकेट हात पार्दै लगातार चार बलमा चार विकेट लिइन्। ललितपुर मेयर्स ११ की कृतिका मरासिनीले २ ओभरमा ४ रन खर्चेर ४ विकेट लिएकी हुन्। सरस्वती चौधरीले ३ ओभरमा ११ रन खर्चेर ३ विकेट लिइन्। पूजा महतोले ३.२ ओभरमा १३ रन खर्चेर २ विकेट हात पारिन्।

नेपाली फुटबल टिम स्वदेश फिर्ता

काठमाडौं (प्रस)– बेलायत भ्रमणमा गएको नेपाली राष्ट्रिय फुटबल टोली स्वदेश फिर्ता भएको छ।

इङ्ल्यान्ड 'सी' र ब्रिटिस आर्मीसँग मैत्रीपूर्ण खेल खेल्न गएको टोली शनिबार साँझ स्वदेश फिर्ता भएको हो। टोली एक बराबरी र एक हारको मिश्रित नजिता लिएर स्वदेश फर्किएको छ। अल्डरसटस्थित मिलिटरी स्टेडियममा गत शुक्रबार राति सम्पन्न खेलमा ब्रिटिस आर्मीसँग नेपाल गोलरहित बराबरीमा रोकिएको थियो। टाउन एफसीको इबीबी रंगशालामा गत सोमबार सम्पन्न इङ्ल्यान्ड 'सी' सँगको खेलमा भने नेपाल २-० गोल अन्तरले पराजित भएको थियो। इङ्ल्यान्ड 'सी' लाई जित दिलाउन निक काबाम्बा र क्यालम स्टेडले गोल गरेका थिए।

आम आदमी पार्टीका नेता एवं दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल हिरासतबाट मुक्त भएको एक दिनपछि शनिबार पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा सम्बोधन गर्दै (बाँया) र उनका समर्थकहरू खुसियाली मनाउँदै । भारतको उच्च अदालतले उनलाई लोकसभा निर्वाचन अवधिभर हिरासतबाट बाहिर रहनसक्ने आदेश दिएपछि उनी जेलमुक्त भएका हुन् । भ्रष्टाचारको आरोपमा उनलाई हिरासतमा लिइएको थियो, जसलाई आम आदमी पार्टीले 'राजनीतिक षडचन्त्र' भनेको छ । *तस्बिरः एएफपी*

संयुक्त राष्ट्रसंघद्वारा प्रतीकात्मकरूपमा प्यालेस्टिनी सदस्यताको पक्षमा मतदान



संयुक्त राष्ट्रसंघ- संयुक्त राष्ट्रसंघीय महासभाले शुक्रबार प्यालेस्टिनीहरूलाई विश्वव्यापी निकायमा थप अधिकार प्रदान गर्न भारी मतदान गरी पूर्ण सदस्यताका लागि उनीहरूको अभियानलाई समर्थन गरेको छ । उक्त अभियानलाई संयुक्त राज्य अमेरिकाले अवरुद्ध गरेको छ ।

राष्ट्रसंघका लागि इजरायली राजदूत गिलाड एर्डानले ठूलो मात्रामा प्रतीकात्मक मतदानप्रति रुष्ट प्रतिक्रिया दिए । संयुक्त राष्ट्रका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले यो ऐतिहासिक प्रक्रिया भएको बताए ।

गाजामा युद्ध बढ्दा प्यालेस्टिनीहरूले अप्रिलमा सन् २०११ मा राष्ट्रसंघको पूर्ण सदस्य बन्न गरेको अनुरोध पुनः सुरु गरे । उनीहरूको हालको अवस्था 'गैरसदस्य पर्यवेक्षक राज्य' छ । यस पहललाई सफल बनाउन संयुक्त राष्ट्र सुरक्षा परिषद्को हरियो बत्ती र महासभामा दुईतिहाइ बहुमतको आवश्यकता थियो ।

यद्यपि सुरक्षा परिषद्मा भिटो प्राप्त पाँच सदस्यमध्ये एक र इजरायलको सबैभन्दा नजिकको सहयोगीका रूपमा रहेको अमेरिकाले अप्रिल १८ मा यसलाई अवरुद्ध गर्‍यो ।

शुक्रबारको मतदानअघि प्यालेस्टिनी राजदूत मन्सुरले यस मञ्चमा पहिले सयौंपटक उभिएको बताउँदै यस्तो महत्त्वपूर्ण मतका लागि कहिल्यै नउभिएकाले यो अवसर ऐतिहासिक भएको बताए । 'प्यालेस्टिनले स्वतन्त्र मुलुकहरूको समुदायमा आफ्नो उचित स्थान लिने दिन आउने छ,' उनले भने ।

इजरायली राजदूत एर्डानले संयुक्त राष्ट्रको बडापत्रको दुरूपयोग भइरहेको बताए । उनले नयाँ उदाहरणका साथ यहाँ आइएसआइएस वा बोको हरामका प्रतिनिधिहरू देख्न सकिने दुई जिहादी समूहलाई उल्लेख गरे । उनले आतंकवादीद्वारा पहिले नै आंशिकरूपमा नियन्त्रित रहेको संस्थालाई राज्यको अधिकार दिने र बालहत्या गर्ने हमास बलात्कारीहरूको शक्तिले प्रतिस्थापन गर्ने बताए ।

संयुक्त राज्य अमेरिकाले प्यालेस्टिनी र इजरायलबीचको द्विपक्षीय सम्झौता बाहिर राज्यको कुनै पनि मान्यता र दक्षिणपन्थी सरकार दुई-राज्य समाधानको कडा विरोध गर्दछ । प्रस्ताव पारित भएपछि संयुक्त राष्ट्रका लागि अमेरिकी उपराजदूत रोबर्ट वुडले भने, 'हाम्रो मतले प्यालेस्टिनी राज्यको विरोधलाई प्रतिविम्बित गर्दैन, यो अमेरिकाको दृष्टिकोण हो, संयुक्त राष्ट्रमा र भूमिमा एकपक्षीय उपायले यस लक्ष्यलाई अगाडि बढाउँदैन ।'

प्रस्तावले सेप्टेम्बरमा हुने महासभाको अर्को सत्रमा प्यालेस्टिनीहरूलाई अतिरिक्त अधिकार तथा सुविधाहरू प्रदान गर्ने छ । *रासस⁄एएफपी*

इराकद्वारा सन् २०२५ सम्ममा राष्ट्रसंघीय मिसन छाड्न आह्वान

संयुक्त राष्ट्रसंघ- इराक सरकारले संयुक्त राष्ट्रसंघलाई सन् २०२५ सम्ममा देशमा दशकौं लामो समयदेखि कायम रहेको राजनीतिक मिसन समाप्त गर्न आग्रह गरेको एएफपीले जनाएको छ । इराकले अब राष्ट्रसंघीय सेना आवश्यक नरहेको बताएको छ ।

सुरक्षा परिषद्मा पठाइएको दस्तावेजमा इराकी प्रधानमन्त्री मोहम्मद सिया अल-सुदानीले क्रमशः इराकी सरकारहरूद्वारा 'सकारात्मक घटनाक्रम र उपलब्धिहरू' का साथै संयुक्त राष्ट्र मिसनको जनादेशको पूर्ति भएको बताए । सन् २००३ देखि अस्तित्वमा रहेको इराकका लागि संयुक्त राष्ट्र सहायता मिसन (युएनएएमआई) ले विविध चुनौती पार गरेको र अब इराकमा राजनीतिक मिसन हुने आधारहरू विद्यमान नरहेको बताए । सन् २०२५ डिसेम्बर ३१ को अन्तिम मितिका लागि आह्वान गर्दै अल-सुदानीले यस बीचमा मिसनले 'आर्थिक सुधार, सेवा प्रावधान, दिगो विकास, जलवायु परिवर्तन र अन्य विकास क्षेत्रहरू' सम्बन्धी मुद्दाहरूमा मात्र ध्यान केन्द्रित गर्नुपर्ने बताए ।

युएनएएमआईको स्थापना सन् २००३ मा इराकी सरकारको अनुरोधमा राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावद्वारा भएको थियो । यसलाई चार वर्षपछि विस्तार गरिएको थियो । यसलाई हरेक वर्ष नवीकरण गरिन्छ । मिसनले सरकारलाई राजनीतिक संवाद र मेलमिलापका साथै निर्वाचन र सुरक्षा क्षेत्रको सुधारमा सहयोग गर्ने सल्लाह पनि दिन्छ । वर्तमान जनादेश यस महिनाको अन्त्यमा समाप्त हुने भएकाले सुरक्षा परिषद्ले अर्को हप्ता मिसनको नवीकरणमा बहस गर्ने छ ।

सन् २०२३ मेमा मिसनको अन्तिम नवीकरणका क्रममा सुरक्षा परिषद्ले महासचिवलाई रणनीतिक समीक्षा सुरु गर्न आग्रह गरेको थियो । यसको निरीक्षण जर्मन कूटनीतिज्ञ भोल्कर पर्थेसले गरेका थिए । मार्चमा जारी रिपोर्टमा पर्थेसले जनादेशको अन्त्य उचित हुन सक्ने संकेत गरे । मिसनको समापनका लागि सरकारले पहिचान गरेको दुई वर्षको अवधि थप प्रगति गर्न पर्याप्त समय सीमा हुने उनको निष्कर्ष छ ।

उनले यस अवधिले अनिच्छुक इराकीहरूलाई विश्वास दिलाउन पर्याप्त समय प्रदान गर्ने भएकाले लोकतान्त्रिक लाभसहितको शान्ति र सुरक्षालाई संरक्षण गर्ने बताए । *रासस⁄एएफपी*

कम्बोडियाद्वारा 'इ-चुरोट'को सेवनबाट स्वास्थ्य खतराबारे चेतावनी

नोमपेन्ह- कम्बोडियाको स्वास्थ्य मन्त्रालयले शनिबार मानिसहरूलाई विशेषगरी युवाहरूलाई 'इ-चुरोट' सेवन नगर्न आह्वान गरेको छ । यसमा निकोटिनको उच्चस्तर हुन्छ जसले प्रयोगकर्ताहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ ।

इ-चुरोट वा भ्याप ब्याट्री-सञ्चालित यन्त्र हो । मन्त्रालयको विज्ञप्तिअनुसार यसले प्रयोगकर्ताहरूले श्वास लिने एरोसोलमा विशेष तरल पदार्थलाई तताउँछ । इ-चुरोटमा ठूलो मात्रामा निकोटिन हुन्छ र एक अत्यधिक लत लगाउने पदार्थ पनि हो ।

विज्ञप्तिमा इ-चुरोट सेवन गर्नेहरूले फोक्सोको रोग, फोक्सोको क्यान्सर, हृदयरोग र मस्तिष्कको विकासमा क्षतिको उच्च जोखिम सामना गर्न सक्ने उल्लेख छ । गर्भवतीहरूका लागि इ-चुरोट भेपरले गर्भमा रहेको बच्चाको विकासलाई असर गर्छ । लागुऔषधविरुद्धको राष्ट्रिय प्राधिकरणले सन् २०१४ देखि ई-चुरोट र सिसाको आयात, व्यापार र प्रयोगमा प्रतिबन्ध लगाएको छ । तर केही अवसरवादीहरूले अझै पनि यी उत्पादनहरू बिक्री गर्ने गरेका छन् । वास्तवमा इ-चुरोट चुरोटको लत छाड्ने यन्त्र होइन । यसले प्रयोगकर्ताको स्वास्थ्य, उनीहरूको परिवार र समाजमा साँच्चै खतराहरू निम्त्याएको छ ।

स्वास्थ्य मन्त्रालयले इ-चुरोटको आयात, व्यापार र प्रयोगलाई नियन्त्रण गर्न र ई-चुरोट सेवनबाट स्वास्थ्यमा पार्ने असरबारे जनचेतना जगाउन सबै तहका सम्बन्धित अधिकारीहरूलाई आग्रह गरेको छ । यस मुलुकमा विशेषगरी युवाहरूमा इ-चुरोटको प्रयोग बढेपछि मन्त्रालयबाट उक्त चेतावनी आएको हो । *रासस⁄सिन्ह्वा*

चाडका ६० लाख मानिसका लागि खाद्यान्न सहयोग आवश्यकः राष्ट्रसंघ

संयुक्त राष्ट्रसंघ- छिमेकी सुडानबाट पाँच लाख शरणार्थीको आतिथ्यता गरेको चाडलाई आफ्ना एक करोड ८० लाख जसंख्यामध्ये एक तिहाइका लागि खाद्य सुरक्षा तथा पोषण सहायता आवश्यक रहेको संयुक्त राष्ट्रसंघीय मानवतावादीहरूले बताएका छन् ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय (ओसिएच) ले जलवायु परिवर्तन, असुरक्षा र खाद्यान्न तथा इन्धनको मूल्यवृद्धिबाट देशभरको अवस्था बिग्रिएको जनाएको छ । मार्चदेखि चाडले दक्षिणमा मुसलधारे वर्षा र बाढीको सामना गरिरहेको छ । शरणार्थीहरूले देशको पूर्वमा मानवीय अवस्थालाई उल्लेखनीय रूपमा असन्तुलित बनाएका छन् भने चाडमा गैरराज्य सशस्त्र समूहको आक्रमणले थप विस्थापन निम्त्याइरहेको छ ।

राष्ट्रसंघको प्रतिवेदनअनुसार २४ लाख मानिस खाद्य असुरक्षामा छन् । तीमध्ये तीन लाख मानिस गम्भीर खाद्य असुरक्षामा छन् । प्रभावकारीरूपमा कुनै ठोस सहायता प्रदान गर्न नसकिए यो संख्या असहज मौसममा ३३ लाख हुन सक्छ । एक अर्ब १० करोड अमेरिकी डलरको चाड मानवतावादी आवश्यकताहरू तथा २०२४ का लागि प्रतिक्रिया योजना ६.६ प्रतिशत वित्तपोषित रहेको बताइएको छ । यसमा करिब सात करोड ४० लाख डलर प्राप्त भयो ।

संयुक्त राष्ट्रसंघको आपत्कालीन राहत संयोजक मार्टिन ग्रिफिथ्सले फेब्रुअरीमा विश्व निकायको केन्द्रीय आपत्कालीन प्रतिक्रिया कोषबाट एक करोड ५० लाख अमेरिकी डलर कोष उपलब्ध गराएको जानकारी दिए । *रासस⁄सिन्ह्वा*

पाकिस्तानी अर्थतन्त्रमा उच्च गिरावटको जोखिम

INTERNATIONAL MONETARY FUND

इस्लामाबाद (पाकिस्तान)- अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) ले पछिल्लो रिपोर्टमा उच्च नकारात्मक जोखिमलाई उजागर गर्दै पाकिस्तानको आर्थिक भविष्यका बारेमा कडा चेतावनी जारी गरेको छ । नयाँ दीर्घकालीन कार्यक्रममा पाकिस्तानी सरकार र आइएमएफबीच वार्ता हुनुअघि जारी गरिएको प्रतिवेदनले देशको स्थिरता र यसले सामना गर्ने चुनौतीको चिन्तालाई जोड दिएको छ ।

आइएमएफ स्टाफ रिपोर्टअनुसार नकारात्मक जोखिम उच्च छन् । नयाँ सरकारले एसबिए (स्टचान्डबाइ व्यवस्था) नीतिहरू जारी राख्ने सहानुभूति देखाएको भए पनि राजनीतिक अनिश्चितता महत्त्वपूर्ण रहेको छ ।

आइएमएफले नीति निर्माणमा गहिरो प्रभाव पार्ने जीवनयापनको उच्च लागत र अन्य राजनीतिक जटिलतालाई ध्यानमा राख्दै अघि बढ्नुपर्ने चेतावनी जारी गरेको छ । बाह्‍य वित्तपोषणमा कमी आएसँगै नीतिगत गिरावटले ऋण दिगोपनतर्फको पाकिस्तानी प्रगतिलाई पछाडि हटाई विनिमय दरमा दबाब दिन सक्ने आइएमएफले चेतावनी दिएको छ ।

यसबाहेक, बाह्‍य स्थिरता वस्तुको उच्च मूल्य, ढुवानी अवरोध र कडा विश्वव्यापी वित्तीय अवस्थाजस्ता कारक खतरामा भएकाले राष्ट्रको वित्तीय चुनौतीलाई बढाउन सक्ने डन पत्रिकाले जनाएको छ । वर्तमान परिस्थितिलाई जोड दिँदै आइएमएफले कार्यक्रमपछिको बाह्‍य वित्तपोषणको समयमै वितरणको महत्त्वलाई जोड दिन्छ । पाकिस्तानले हालै तीन अर्ब डलरको कार्यक्रम सम्पन्न गरेको छ भने प्रधानमन्त्री शाहबाज सरिफले आर्थिक समस्यालाई सम्बोधन गर्न दीर्घकालीन व्यवस्थाको आवश्यकतालाई जोड दिएका छन् ।

गत वर्षको गर्मीमा डिफल्ट हुन मुस्किलले बचेपछि त्यसयता पाकिस्तानको अर्थतन्त्र स्थिर भएको छ र मुद्रास्फीति मेमा ३८ प्रतिशतको उच्च रेकर्डबाट अप्रिलमा करिब १७ प्रतिशतमा झरेको छ । यद्यपि, उच्च वित्तीय स्थिरताले गर्दा चुनौती जारी छन् । यो गत वर्षको नकारात्मक वृद्धिको तुलनामा यस वर्ष करिब दुई प्रतिशत कमी हुने अनुमान गरिएको छ ।

चुनौतीलाई सम्बोधन गर्न पाकिस्तानले आइएमएफबाट कम्तीमा छ अर्ब डलर मागसहित लचिलोपन र स्थिरता ट्रस्टअन्तर्गत कोषबाट थप वित्तपोषणको अनुरोध गर्ने अपेक्षा गरिएको डनले जनाएको छ । *रासस⁄एएनआई*

लुम्बिनी विकास बैंक लिमिटेडको
निक्षेप उपर हकदाबी सम्वन्धी ३५ दिने सूचना

यस विकास बैंकको, विरेन्द्रनगर शाखा कार्यालयका खाताबाल रिसल्ला रेग्मीको नातिनी, भक्ती प्रसाद रेग्मीको छोरी, रत्न लाल वास्थलाको पत्नी, प्रदेश कर्णली, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ३ बस्ने सुमित्रा वासथलाको मिति २०८०/१२/०२ गतेका दिन मृत्यु भएकोले निजको नाममा यस विकास बैंकमा रहेको निक्षेप खाताको रकम भुक्तानी पाउँ भनी निजका दुई छोरी रन्जता अधिकारी र धन कुमारी आचार्यले संयुक्त रुपमा यस विकास बैंकमा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदकहरु बाहेक अग्र प्राथमिकतामा कोही कसैको हकदाबी लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित हकदाबी गर्नुहुन बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा निवेदन माग बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराईज बिजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६
फ्याक्स नं. ०१-४५१३५२६

वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.**०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं.** ४३६४७१। **ध्रुवको पसल– डिल्लीबजार, फोन नं.** ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला – १३७९००	प्रति तोला – १३७२५०	प्रति तोला – १७३५

थ्रेसरको गहुँ चुट्दै चुरे क्षेत्रमा रहेको नायल गाउँका किसान थ्रेसरको सहायताले गहुँ चुट्दै । हातैले गहुँ चुट्दै आएका नायल गाउँका बासिन्दा अहिले आएर गहुँ चुट्नका लागि थ्रेसरको प्रयोग गर्न थालेका छन् । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

रूख कटान नहुँदा जलविद्युत् आयोजनाको निर्माण प्रभावित

■ प्रभाव संवाददाता

तनहुँ– तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको विद्युत प्रसारणलाइन निर्माण कार्य प्रभावित भएको छ ।

प्याकेज-३ अन्तर्गत प्रसारणलाइन क्षेत्रमा पर्ने रूख कटान गर्न सरकारले स्वीकृति दिए पनि स्थानीय वनसँग कुरा नमिल्दा प्रसारणलाइन निर्माणको काम प्रभावित भएका आयोजना प्रवर्द्धक तनहुँ हाइड्रोपावरका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिए ।

प्याकेज–३ अन्तर्गत चितवनखण्डमा समस्या देखिएको र विवाद कायमै रहेकाले १८ वटा विद्युत टावर ठड्याउने काम अगाडि बढ्न नसकेका उनको भनाइ छ । 'तनहुँखण्डमा रहेका सामुदायिक वनसँगको समन्वयमा काम अगाडि बढेको बढेको थियो तर चितवनखण्डमा ठूला सालका रूख कटान गर्नुपर्ने भएकाले वनले जोखिम बहन र सहजीकरण गर्न नसकेपछि काम प्रभावित भएको छ', श्रेष्ठले भने ।

हाल दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबलसर्किट प्रसारणलाइन प्याकेज-३ अन्तर्गत ३४ दशमलव ७ किलोमिटर दूरीमा प्रसारणलाइनको काम भइरहेको छ । सो कार्य गर्ने ठेक्का केइसी इन्टरनेशनल लिमिटेड, भारतले पाएको छ तर सम्झौताअनुसारको म्याद गुज्रिसकेको छ। यो खण्डमा रहेका कूल ९४ टावरमध्ये ७६ टावरको फाउण्डेसन कार्यसम्पन्न भएको र ५६ टावर ठडाइसकिएको छ । सो प्याकेजको समग्र निर्माण प्रगति ७३ प्रतिशत रहेको जनाइएको छ ।

श्रेष्ठका अनुसार प्याकेज-१ मा ३५, प्याकेज-२ मा ५५ प्रतिशत र समग्रमा आयोजनाको ५५ प्रतिशत कार्यसम्पन्न भएको छ ।

'पर्यटन प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्न एकजुट हुनुपर्छ'

■ प्रभाव संवाददाता

पाटन (ललितपुर)– प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले मुलुकमा रहेका सांस्कृतिक र प्राकृतिक सुन्दरताको प्रचारप्रसार गर्दै पर्यटन प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्न सबै एकजुट भएर लाग्नुपर्ने बताएका छन् ।

ललितपुरको महालक्ष्मी नगरपालिका-१० को नवनिर्मित वडा कार्यालय भवन उद्घाटन समारोहमा सभामुख घिमिरेले राजनीतिक परिवर्तनको आन्दोलन सम्पन्न भएको बताउँदै अब पर्यटन प्रवर्द्धनमार्फत समृद्धि हासिल गर्नेतर्फ सबै एकजुट भएर लाग्नुपर्ने बताए । जनप्रतिनिधि र राजनीतिक दलमा इच्छाशक्ति भयो भने हरेक क्षेत्रको विकास सम्भव हुने भन्दै स्थानीय तहको विकास र आकर्षणका लागि जनप्रतिनिधि र राजनीतिक दलले योजना बनाएर लाग्नुपर्ने उनको भनाइ छ ।

'समृद्धिको आधार पर्यटन हो, हिजो सबैभन्दा अपहेलनामा रहेको ठाउँ अहिले आकर्षक बन्ने क्रममा छ, यहाँ गणेशमान पार्क र मनमोहन पार्क बनेका छन्, भएका प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्दै नभएका कुराहरूको विकास गर्न सकियो भने राजधानी नजिकैको सुन्दर र रमणीय ठाउँ आकर्षणको केन्द्र बन्न सक्छ । गर्मीमा यो चिसो ठाउँमा आएर सुन्दरताको उपभोग गर्नेहरू लालयीत हुन्छन्', सभामुख घिमिरेले भने ।

उनले उद्घाटन भएको भवनबाट जनताको दैनिक सेवासुविधालाई सहज बनाउन गुणात्मक उपलब्धि हासिल होस् भन्ने कामना गरे । सभामुख घिमिरेले स्थानीय जनताको प्रयत्न र लगनशीलताले मात्रै समृद्धि हासिल हुने बताउँदै आफ्नो क्षेत्रबाट सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । वडा कार्यालयको भवन निर्माणले जनतालाई छिटो र सहजरूपमा सेवा प्रदान गर्ने भन्दै यसले सङ्घीयताको प्रभावकारिताका लागि सहयोग पुऱ्याएको बताए ।

प्रतिनिधिसभा सदस्य प्रेमबहादुर महर्जनले ग्वार्कोबाट पनौतीसम्म पुग्ने यहाँको सडकलाई स्तरोन्नति गरेर सहज बनाउने कार्यमा लाग्ने र यहाँको पर्यटन विकासमा क्रियाशील रहने बताए । उनले नगरकोट र धुलिखेल जस्तै पर्यटकीय क्षेत्र बनाउनका लागि सङ्घीय सांसदका रूपमा लागिपर्ने बताए ।

सांसद महर्जनले स्थानीय उत्पादनलाई बजारीकरण गरेर समृद्धि हासिल गर्नतर्फ लाग्न आग्रह गर्दै त्यसका लागि आफूले सक्ने सहयोग गर्ने प्रतिबद्धता जनाए । महालक्ष्मी क्षेत्रको औद्योगिक, सांस्कृतिक र पर्यटकीय विकासमा सबैले हातेमालो गरेर लाग्नुपर्नेमा उनको जोड थियो ।

बागमती प्रदेशका स्वास्थ्यमन्त्री रामेश्वर श्रेष्ठले पहिलो कार्यकालमा आफू नगरप्रमुख हुँदा स्वच्छ, सफा, समृद्ध र सुन्दर नगरपालिका बनाउने कार्ययोजना तय गरेको बताउनुभयो । उहाँले वडा कार्यालय भवन समयमै निर्माण सम्पन्न गरेकामा निर्माण व्यवसायीलाई धन्यवाद व्यक्त गरे ।

मन्त्री श्रेष्ठले आफ्नो कार्यकालमा ६८ वटा ऐन, कानुन बनाएको जानकारी गराउँदै विभिन्न प्राविधिक कारणले नगरपालिका भवन निर्माण हुन नसकेको बताए । उनले प्रदेश तहबाट हरेक किसिमले महालक्ष्मी नगरपालिकाको समृद्धिका लागि क्रियाशील रहने प्रतिबद्धता जनाए। आफू सदैव पारदर्शिता र सुशासनलाई अवलम्बन गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाउँदै मन्त्री श्रेष्ठले बागमती प्रदेशका अतिविपन्न नागरिक, लोपोन्मुख जाति, आश्रित व्यक्तिहरू, महिला स्वयंसेविका र अपाङ्गता भएका व्यक्तिहरूको बीमा रकम मन्त्रालयले तिरिदिने व्यवस्था गरेको बताए ।

महालक्ष्मी नगरपालिकाका प्रमुख हरिगोबिन्द महर्जनले वडा नं १० लाई महत्व दिएर बजेट व्यवस्थापन गरिरहेको बताए । उनले यस क्षेत्रको तामाङ समुदायको आर्थिक, सामाजिक विकास, पर्यटन पूर्वाधार विकासका लागि काम गरिरहेको उल्लेख गरे ।

नगरप्रमुख महर्जनले यस ठाउँको विकासका लागि २० रोपनीको क्षेत्रमा फुटबल ग्राउन्ड बनाउने तयारी रहेको जानकारी दिए । लाँकुरी भञ्ज्याङलाई पर्यटकीय क्षेत्र बनाउनका लागि गुरुयोजना तयार गरिरहेको पनि उनले बताए । उपप्रमुख लक्ष्मी महर्जनले स्थानीयको बाक्लो बस्ती रहेको स्थानमा शिलान्यास भएको वडा कार्यालय भवन निर्माण एक वर्षमा नै सम्पन्न गरिएको बताइन् ।

'घरजग्गा खरिदबिक्री नहुँदा अर्थतन्त्र कमजोर'

लेखनाथ (प्रस)– नेपाल जग्गा तथा आवास विकास महासङ्घका केन्द्रीय अध्यक्ष भेषराज लोहनीले देशको अर्थतन्त्र कमजोर हुनुमा घरजग्गा कारोबारको प्रतिकूल अवस्था पनि एक भएको बताएका छन् ।

गण्डकी जग्गा तथा आवास विकास व्यवसायी सङ्घ पोखराको २० औं वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनको पोखरामा उद्घाटन गर्दै अध्यक्ष लोहनीले वार्षिक रु १५ खर्ब बराबरको घरजग्गा कारोबार हुने गरेकामा कोरोना महामारी र आर्थिक मन्दीका कारण उक्त कारोबार घटेको बताए । घरजग्गा व्यवसायीलाई व्यवस्थित र मर्यादित बनाउन सरकारले घरजग्गा कारोबार नियमावली ल्याउन जरुरी भएको उनको भनाइ छ । जग्गा व्यवसायी यदुनाथ अधिकारीले युवालाई विदेश जानबाट रोक्न स्वदेशमै सीपमूलक तथा विकास निर्माणमा लगाउनुपर्नेमा जोड दिए ।

उत्पादनका आधारमा अनुदान

■ प्रभाव संवाददाता

गोरखा– गण्डकी गाउँपालिकाले पालिकाभित्रका किसानलाई व्यावसायिक तरकारी उत्पादनका आधारमा अनुदान वितरण सुरु गरेको छ । गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुसार किसानलाई तरकारी उत्पादनमा प्रतिकेजी रु दुई अनुदान रकम उपलब्ध गराउन सुरु गरेको गाउँपालिकाका अध्यक्ष दीपक तिमल्सिनाले जानकारी दिए ।

'पालिकाभित्रका वास्तविक किसानसम्म अनुदान पुर्याउन यस वर्षदेखि उत्पादनका आधार अनुदान कार्यक्रमको थालनी गरिएको हो', उनले भने, 'गत माघ २३ गतेबाट कार्यक्रम लागू हुनेगरी स्थानीय कृषि सहकारीमार्फत सम्झौता गरेर गाउँपालिकाले कार्यक्रम अघि बढाएको छ ।' कार्यक्रमअन्तर्गत गाउँपालिकाले अहिलेसम्म तीनवटा वडाका एक सय २८ किसानलाई अनुदान उपलब्ध गराइसकेको छ ।

अध्यक्ष तिमल्सिनाका अनुसार फागुनमा तरकारी उत्पादन गरेका वडा नं ८ का ६० किसानलाई अनुदानस्वरूप रु तीन लाख ४८ हजार नौ सय ४८ वितरण गरिएको छ । त्यस्तै वडा नं ६ स्थित श्री भैरवी कृषि सहकारीमार्फत ३१ किसानलाई रु ५५ हजार नौ सय ६८ अनुदान उपलब्ध गराइएको उनले बताए ।

'गाउँपालिकाले वडा नं ७ स्थित जनकल्याण ताजा तरकारी उत्पादक कृषि सहकारी संस्थामार्फत ३७ किसानलाई रु ४६ हजार चार सय ५४ वितरण गराइसकेको छ', उनले भने, 'सहकारीमार्फत प्राप्त किसानको विवरणानुसार पालिकाले अहिलेसम्म कुल रु चार लाख ५१ हजार तीन सय ७० रकम किसानलाई अनुदान उपलब्ध गराइसकेको छ ।'

कार्यक्रमअन्तर्गत वडा नं ८ मा एउटै किसानले एक महिनामै पालिकाबाट रु ३७ हजार पाँच सय १८ अनुदान लिएका छन् । 'स्थानीय किसान लवबहादुर भुजेलले एकै महिनामा १८ हजार सात सय ५९ किलो तरकारी उत्पादन गर्नुभयो', अध्यक्ष तिमल्सिनाले भने, 'यो कार्यक्रमबाट किसानले हौसलासँगै उत्पादनबाट पनि नाफा कमाउन पनि सफल भएका छन् ।'

गाउँपालिकाले पालिकाभित्र कृषि उत्पादन बढाउने र किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यसहित वास्तविक किसानको हातमा अनुदान पुऱ्याउन उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । किसानले सहकारीमार्फत उत्पादनको अभिलेख उपलब्ध गराएपछि गाउँपालिका कृषि शाखाले अनुदान उपलब्ध गराउने अध्यक्ष तिमल्सिनाले जानकारी दिए । पालिकाले मासु उत्पादन गर्ने किसानलाई पनि अनुदान उपलब्ध गराउने निर्णय गरेको छ ।

'नेपाली अब युरो कपमा' योजनाको विजेता घोषणा

काठमाडौं (प्रस)– साइमेक्स् इन्क प्रालिको नेपालका लागि आधिकारिक वितरक बिवाइडी अटो इन्डस्ट्री कम्पनी लिमिटेडले आयोजना गरेको 'नेपाली अब युरो कपमा' अन्तर्गत लक्की ड्र मार्फत विजेता घोषणा कार्यक्रम सम्पन्न भएको छ ।

विजेताहरूले जर्मनीमा हुने यूईएफए यूरो कप २०२४ खेल मैदानमा उपस्थित भई प्रत्यक्ष खेल हेर्ने मौका पाउने भएका छन् । यस आयोजना अत्यन्तै रोचक रहेको र विजेताहरूलाई अविस्मरणीय अवसर प्रदान गरेको कम्पनीले जनाएको छ ।

साईमेक्स् इन्कले यो अवसरका लागि २६ फेब्रुअरी २०२४ देखि मे ५ सम्म बिवाइडी गाडी बुकिङ गर्ने ग्राहकहरूबाट ११ जना भाग्यशाली ग्राहक लक्की ड्रबाट चयन गरी विजेता घोषित गरेको हो । बिवाइडी नेपालका ब्रान्ड एम्बेसडर हरिवंश आचार्य र साईमेक्स् इन्कका अध्यक्ष अनिल श्रेष्ठले संयुक्त रूपमा लक्की ड्र कार्यक्रम गरेका थिए । दुई चरण गरी लक्की ड्रबाट निकालिएका विजेताहरूको नामावली अनुसार पहिलो चरणमा ५ र दोस्रो चरणमा ६ जना विजेता छनोट गरिएको थियो ।

BYD
नेपाली
अब EURO CUP मा?
FIRST PHASE
SECOND PHASE
24

विजेताको छनोट गरिसकेपछि अध्यक्ष श्रेष्ठले नेपाली अब यूरो कपमा योजनाको ११ भाग्यशाली विजेतालाई बधाई दिन पाउँदा हामी खुसी लागेको र यस किसिमका योजनाले ग्राहकलाई सन्तुष्टि प्रदान गर्ने जनाए ।

साथै, योजनालाई सफल बनाउने बिवाइडी र सम्पूर्ण यूईएफए यूरो कप २०२४ टिमलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आफू योजनाबाट अत्यन्तै उत्साहित भएको समेत बताएका छन् ।

शिवसताक्षी नगरपालिका
नगर कार्यपलिकाको कार्यालय
व्याङ्गडाँडा, झापा, कोशी प्रदेश, नेपाल

हुरी बतास तथा आगलागीबाट बच्नेसम्बन्धी जनहितमा जारी सन्देश

गर्मी तथा हुरीबतासका समयमा आगलागीका घटनाहरू भइरहेका छन् । आफ्नो सानो कमजोरीले गर्दा पनि ठूलो धनजनको क्षति हुन सक्ने हुन्छ । सोबाट हुन सक्ने जनधनको न्यूनिकरण गर्न निम्नानुसार पूर्व तयारी अपनाऔं ।

१. सलाई, लाइटरजस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले भेट्ने ठाउँमा नराखौं ।
२. खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
३. चुरोट बिँडीजस्ता वस्तुहरु प्रयोगपश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं ।
४. पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटरजस्ता सामाग्रीको प्रयोग नगरौं ।
५. आगलागीका घटना भएमा तत्कालै दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं ।
६. सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं ।
७. आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
८. आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं ।
९. आगोको वरिपरि छिटै सल्किने सामानहरु नराखौं ।
१०. वन तथा जंगलमा डढेलो नलगाऔँ, जनधन र वनको संरक्षण गरौं ।
११. हावाहुरी आउन थालेपछि घरको झ्यालढोका बन्द गरौं ।
१२. हावाहुरी तथा आगलागीबाट आफू पनि बचौं अरूलाई बचाऔं ।
१३. हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४. छतका गमालाहरु सुरक्षित रूपमा मिलाएर राखौं,
१५. हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६. हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७. यस्तो समयमा केटाकेटी बालवच्चा र वुढाबुढीहरु तथा असाहय अपांगता भएकालाई मात्र घरमा नछोडौं ।
१८. कहीकतै आगलागी भइरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नबसौं आगो नियन्त्रण गर्न तथा उद्दार गर्नतर्फ सचेत बनौं ।
१९. गाउँ-गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भइहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरूको जनचेतना अभियान चलाऔं ।
२०. संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भइहालेमा उद्दार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफनो ठाउँबाट खबरदारी गरौं ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ